नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, साउन १ गते, २०८१ साल (अतिरिक्ताङ्क १६

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८१ सालको ऐन नं. ०५

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३३, ३४, ३५, ३६ को उपदफा (१४) र ३७ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू संवत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **अन्तःशुल्कः** नेपालभित्रको कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल गरिनेछ।

३. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल गरिनेछ।

४. **स्वास्थ्य जोखिम करः** (१) विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिँडीमा प्रति खिल्ली तीस पैसा, चुरोट र सिगारमा प्रति खिल्ली साठी पैसा र तयारी खाने सुर्ती, खैनी, गुट्खा, पानमसलामा प्रति किलोग्राम साठी रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर पैठारीका बखत भन्सार बिन्दुमा र स्वदेशी उत्पादनका हकमा प्रतिष्ठानबाट निष्कासनका बखत असुल गरिनेछ।

(३) स्वास्थ्य जोखिम करको नियमन र प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

५. **शिक्षा सेवा शुल्कः** (१) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सटही रकममा तीन प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्कको रकम दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत फिर्ता दिनेछ।

(५) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

६. **पूर्वाधार विकास करः** नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा प्रतिलिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

७. **हरित करः** नेपालभित्र पैठारी हुने वस्तुमा अनुसूची-१ बमोजिम भन्सार बिन्दुमा हरित कर लगाई असुल गरिनेछ।

८. **सडक निर्माण दस्तुरः** (१) नेपालभित्र पैठारी वा उत्पादन हुने सवारी साधनमा अनुसूची-२ बमोजिम सडक निर्माण दस्तुर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर यो ऐन प्रारम्भ भएपछि पैठारी हुने सवारी साधनमा भन्सार बिन्दुमा भन्सार कार्यालयले र यो ऐन प्रारम्भ हुनुभन्दा पहिले पैठारी भई दर्ता हुन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी रहेको तथा स्वदेशमा उत्पादन भई उपभोगमा आउने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गर्ने कार्यालयले दर्ता गर्दाको बखत असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सडक निर्माण दस्तुर सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण मासिक रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

९. **सडक मर्मत तथा सुधार दस्तुरः** सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ र डिजेलमा प्रतिलिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

१०. **चलचित्र विकास शुल्कः** नेपालमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको प्रवेश शुल्कमा अनुसूची-३ बमोजिम चलचित्र विकास शुल्क लगाई असुल गरिनेछ।

११. **प्रदूषण नियन्त्रण शुल्कः** (१) नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर एक रुपैयाँ पचास पैसाका दरले प्रदुषण नियन्त्रण शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पैठारीकर्ताले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित पैठारीकर्ताबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

(४) प्रदूषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **टेलिफोन स्वामित्व शुल्कः** (१) टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत पाँच सय रुपैयाँ असुल गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल गरिनेछ।

तर मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज शुल्कको दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित निकायबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

(४) टेलिफोन स्वामित्व शुल्ककको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **दूरसञ्चार सेवा दस्तुरः** (१) टेलिफोन, मोबाइल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको दश प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) र फिक्स ब्रोडब्याण्ड सेवा शुल्ककको पचास प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा त्यस्तो दस्तुर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको दस्तुर अर्को महिनाको पच्चीस गतेभित्र मूल्य अभिवृद्धि कर सहित राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र दस्तुर दाखिल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेमा सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर असुल गरिनेछ।

(५) दूरसञ्चार सेवा दस्तुरको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **क्यासिनो रोयल्टीः** (१) नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरे बापत वार्षिक पाँच करोड रुपैयाँ र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक एक करोड पचास लाख रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि एउटा इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थाले पुस मसान्तभित्र चालीस प्रतिशत, चैत मसान्तभित्र सत्तरी प्रतिशत र बाँकी रकम असार मसान्तभित्र पर्यटन विभागमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रोयल्टी रकम दाखिल नगर्ने व्यक्ति वा संस्थाबाट सो प्रत्येक अवधि नाघेको तीन महिनासम्मको लागि उक्त रोयल्टी रकमको पन्ध्र प्रतिशतका दरले थप शुल्क र सो अवधिपछि त्यस्तो बाँकी रोयल्टी रकममा तीस प्रतिशतका दरले वार्षिक थप शुल्क लगाई त्यस्तो रकम असुल गरिनेछ।

१५. **सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्थाः** (१) आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक पाँच लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा सो आयमा एक प्रतिशतका दरले र दम्पत्तिको हकमा वार्षिक छ लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशतका दरले कर लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिम असुल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस दफा बमोजिमको कर लाग्ने छैन।

१६. **विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स):** (१) गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिनेछ।

तर विद्युतीय सेवाको वार्षिक तीस लाख रूपैयाँसम्मको कारोबारमा यस दफा बमोजिमको कर लाग्ने छैन।

(२) नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र विवरण दाखिल नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम शुल्क लाग्नेछ र कर तिर्नु पर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ। त्यसरी दाखिल गर्नु पर्ने कर कम दाखिल गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको पचास प्रतिशत जरिबाना समेत लाग्नेछ।

(४) यस दफा बमोजिम कर दाखिला भएको आयमा आयकर ऐन, २०५८ बमोजिमको कर लाग्ने छैन।

(५) विद्युतीय सेवा करको प्रशासन आन्तरिक राजस्व

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **<u>विलासिता शुल्कः</u>** (१) नेपालमा उपभोग हुने देहायका विलासिताका वस्तु तथा सेवाको बिक्री रकममा दुई प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिनेछः-

(क) पाँच तारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा,

(ख) आयातित तयारी मदिरा,

(ग) दश लाख रूपैयाँभन्दा बढी मूल्यका सुनका गरगहना वा हिरा, मोती पत्थर जडित सुनको गरगहना।

(२) देहाय बमोजिमको व्यक्तिले उपदफा (१) बमोजिमको दरले विलासिता शुल्क लगाई असुल गर्नु पर्नेछः-

(क) पाँच तारे र सोभन्दा माथिका होटल तथा लक्जरी रिसोर्टले सेवा प्रदान गरेको बखत,

(ख) आयातित मदिरामा पैठारी हुने भन्सार बिन्दुमा पैठारीका बखत,

(ग) दश लाख रूपैयाँभन्दा बढी मूल्यका सुनको गरगहना वा हिरा, मोती पत्थर जडित सुनको गरगहना बिक्रीका बखत।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र उपदफा (२) बमोजिमको कुनै व्यक्तिले विलासिता शुल्क दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ।

(५) उपदफा (२) बमोजिमको कुनै व्यक्तिले उपदफा (३) बमोजिमको विवरण पेश नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेश गर्नु पर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्मको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारोबार रकममा वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम शुल्क लाग्नेछ।

(६) उपदफा (२) बमोजिमको व्यक्तिले उपदफा (१) बमोजिमको विलासिता शुल्क बापतको रकम असुल नगरेमा सो रकमको पच्चीस प्रतिशत शुल्क लाग्नेछ।

(७) विलासिता शुल्ककको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्ड नेपालसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लिखित शर्तको अधीनमा रही यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य कार्यमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरी असुल गरिनेछ।

(५) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार, अर्थ मन्त्रालयले सङ्घीय संसदमा पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१९. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**: मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, आयकर ऐन, २०५८, भन्सार ऐन, २०६४ वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नेपाल सरकार, अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

२०. **<u>वैदेशिक पर्यटन शुल्कः</u>** (१) पर्यटकको रुपमा भ्रमणको लागि विदेशमा जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले वैदेशिक पर्यटन शुल्क लगाई असुल गरिनेछ।

(२) देहाय बमोजिमको व्यक्तिबाट उपदफा (१) बमोजिमको दरले वैदेशिक पर्यटन शुल्क लगाई असुल गर्नु पर्नेछः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वैदेशिक भ्रमणको प्याकेज बिक्रेताले प्याकेज बिक्रीको बखत,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "वैदेशिक भ्रमणको प्याकेज" भन्नाले यातायातका साधन, खाना तथा बसोवास, घुमफिर तथा मनोरञ्जन समेतको प्याकेज सम्झनु पर्छ।

(ख) फर्म वा कम्पनीले व्यवसाय प्रवर्द्धनका सिलसिलामा आफू सम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजादा लाग्ने खर्च लेखाङ्कनका बखत।

(३) उपदफा (२) बमोजिम वैदेशिक पर्यटन शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र उपदफा (२) बमोजिमको कुनै व्यक्तिले वैदेशिक पर्यटन शुल्क बापतको रकम दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ।

(५) उपदफा (२) बमोजिमको कुनै व्यक्तिले उपदफा (३) बमोजिमको विवरण पेश नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेश गर्नु पर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको कारोबार रकममा वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम शुल्क लाग्नेछ।

(६) उपदफा (२) बमोजिमको व्यक्तिले उपदफा (१) बमोजिमको वैदेशिक पर्यटन शुल्क बापतको रकम असुल नगरेमा सो रकमको पच्चीस प्रतिशत शुल्क लाग्नेछ।

(७) वैदेशिक पर्यटन शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **वैदेशिक रोजगार सेवा शुल्कः** (१) प्रचलित सङ्घीय कानून बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकममा एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नु पर्नेछ। त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम इजाजतपत्रप्राप्त व्यक्तिले अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र त्यस्तो शुल्क दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ।

(४) वैदेशिक रोजगार सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्था:** (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

२३. **आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:** स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।

२४. **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः** संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिबाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ।

२५. **अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायकलाई मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएको अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक व्यक्तिले संवत् २०८० साल जेठ १५ गतेदेखि संवत् २०८० साल असोज मसान्तसम्मको अवधिमा हवाई यातायात सेवामा सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको वा दाखिल नगरेको भएमा त्यस्तो मूल्य अभिवृद्धि कर, जरिबाना, थप दस्तुर तथा ब्याज मिनाहा हुनेछ।

(२) नेपालबाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक (अफलाईन एअरलाईन्स) ले संवत् २०८० साल जेठ १५ गतेदेखि सङ्कलन गरेको मूल्य अभिवृद्धि कर संवत् २०८१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाएमा सोमा लाग्ने ब्याज, जरिबाना, थप दस्तुर मिनाहा हुनेछ।

२६. **ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नु पर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य अभिवृद्धि करयोग्य कारोबार गरी कर सङ्कलन नगरेको भए सो कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मङ्सिर मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिबाना मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मङ्सिर मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिनाहा हुनेछ।

२७. **आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** नेपालमा उत्पादन भएका आलु, प्याज तथा स्याउको कारोबार गर्ने व्यक्तिले संवत् २०८१ साल जेठ १४ गतेसम्म त्यस्तो कारोबार गरे बापत लाग्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको भए त्यस्तो कर रकम र सो कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिबाना मिनाहा हुनेछ।

२८. **कर्जा सूचना प्रदायक निकायलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्थाः** (१) नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थालाई कर्जा सूचना सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ बमोजिम स्थापना भएको निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभएको भए संवत् २०८१ साल असार मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भई उक्त मितिसम्म सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि करको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल असोज मसान्तभित्र बुझाएमा बाँकी मूल्य अभिवृद्धि कर, जरिबाना, ब्याज र थप दस्तुर मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई उपदफा (१) बमोजिम हुने रकम संवत् २०८१ साल असोज मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिनाहा हुनेछ।

२९. **जलविद्युत आयोजनाले बैङ्क जमानतमा पैठारी गर्न सक्नेः** (१) जलविद्युत आयोजनाको क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तन गर्ने सैद्धान्तिक सहमति लिएको आयोजना, सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले त्यस्तो आयोजनाको उत्पादन, प्रसारण तथा वितरणको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार वा सोको पार्टपुर्जा पैठारी गर्दा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर बापतको रकम विद्युत विकास विभागको सिफारिसमा बैङ्क जमानत सुविधामा पैठारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तनको सहमति लिएको जलविद्युत आयोजनाले सो उपदफा बमोजिम बैङ्क जमानत सुविधामा पैठारी भएको वस्तुको एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट गरी बैङ्क जमानत फुकुवा गर्नु पर्नेछ।

३०. **धरौटी वा जमानतबाट असुल गरिनेः** कुनै सरकारी निकाय, उद्योग, व्यक्ति, संस्था वा विदेशी नागरिकले व्यापारिक प्रयोजन बाहेक कुनै खास प्रयोजनको लागि कुनै वस्तु पछि फिर्ता लैजाने शर्तमा लगतमा राखी वा भन्सार कार्यालयबाट पछि फिर्ता गर्ने शर्तमा अवधि तोकी त्यस्तो वस्तुमा लाग्ने कर, महसुल तथा शुल्क बापत नगद धरौटी वा बैङ्क जमानत लिई पैठारी गरेकोमा सो वस्तु प्राकृतिक विपद् वा त्यस्तै अन्य कुनै कारणले फिर्ता लैजान नसकेको भए त्यस्तो धरौटी वा जमानतबाट सो वस्तुको पैठारीमा लाग्ने महसुल बराबरको रकम र थप पन्ध्र प्रतिशत जरिबाना असुल गरी बाँकी नगद धरौटी फिर्ता वा बैङ्क ग्यारेण्टी फुकुवा गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकिनेछ।

३१. **सवारी साधन दर्ता सम्बन्धी विशेष व्यवस्थाः** मित्रराष्ट्र चीनबाट सहयोग स्वरुप नेपाली सेनालाई प्राप्त भई दर्ता हुन बाँकी रहेका सवारी साधनको जाँचपास र दर्ता गर्न प्रचलित नेपाल सवारी प्रदुषण मापदण्डको व्यवस्थाले बाधा भएको मानिने छैन।

३२. **घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

३३. **मदिरा ऐन, २०३१ मा संशोधनः** मदिरा ऐन, २०३१ को,-

(१) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **स्थानीय मदिरा सम्बन्धी व्यवस्थाः** स्थानीय मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(२) दफा ५ मा रहेका "पैठारी, निकासी, बिक्री" भन्ने शब्दहरुको सट्टा "निकासी वा पैठारी" भन्ने शब्दहरु राखिएका छन्।

३४. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा १०ख१. को सट्टा देहायको दफा १०ख१. राखिएको छः-

"१०ख१. **गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा तीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवा वा अफलाइन हवाई यातायात सेवाको कारोबार गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम दर्ता भएको गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ।"

(२) दफा ११ को उपदफा (१) को खण्ड (च) मा रहेका "बीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "तीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १८ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम कर विवरण बुझाउनु पर्ने करदाताले कर विवरण बुझाउनु पर्ने मिति समाप्त भएको चार महिनासम्म नबुझाएमा कर अधिकृतले त्यस्तो करदाताको आयात वा निर्यात रोक्का गर्न सक्नेछ।"

(४) दफा २० को उपदफा (१) को खण्ड (ञ) मा रहेका "उपदफा (२) वा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२), (२क) वा (३)" भन्ने शब्दहरु राखिएका छन्।

(५) ठाउँ ठाउँमा रहेका "निकासी" भन्ने शब्दको सट्टा "निर्यात" भन्ने शब्द राखिएको छ।

(६) अनुसूची-१ र २ को सट्टा देहायका अनुसूची-१ र २ राखिएका छन्:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

कर छुट हुने वस्तु तथा सेवाहरू

समूह १: आधारभूत कृषि उत्पादनहरू		
०६.०१		**निष्किय पारेका, उम्रन लागेका वा फूलेका गाना, गाँठा, गाँठिजरा, घनकन्द (कोर्म) हरू, मूल जरा सहितका जरा (क्राउन) हरू, र मूलजरा (राइजोम) हरू; शीर्षक १२.१२ का जराहरू बाहेकका चिकोरीको बिरुवा र जराहरू।**
	०६०१.१०.००	-निष्किय गाँनो, गाँठो, गाँठि जरा, घनकन्द (कोर्म), क्राउन र मूलजरा
	०६०१.२०.००	-उम्रन लागेको वा फूलेको गाँनो, गाँठो, गाँठि जरा, घनकन्द (कोर्म), क्राउन, मूलजरा, चिकोरी बिरुवा र जराहरु
०६.०२		**अन्य जीवित बिरुवाहरू (तिनीहरूका जराहरू समेत), कलमीहरू, च्याउ निस्कने त्यान्द्रो (मसरूम स्पान)।**
	०६०२.१०.००	-जरा नभएको कलमीहरू
	०६०२.२०.००	-खान हुने फल वा काष्ठफल (नट) का कलमी गरेका वा नगरेका रुख, बुटा र झाङ
	०६०२.३०.००	-लालीगुराँस र अजालिया, कलमी गरेको वा नगरेका
	०६०२.४०.००	-कलमी गरेको वा नगरेको गुलाफ
	०६०२.९०.००	-अन्य
०७.०१		**आलुहरू, ताजा वा चिसो पारेको।**
	०७०१.१०.००	-बिउ
	०७०१.९०.००	-अन्य
०७.०२	०७०२.००.००	**गोलभेडाहरू, ताजा वा चिस्याइएका।**
०७.०३		**प्याज, छ्यापी, लसुन, डुन्डु र यस्तै जातिका अन्य वनस्पतिहरू, ताजा वा चिस्याइएका।**
	०७०३.१०.००	-प्याज र छ्यापीहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०७०३.९०.००	-डुन्डु र यस्तै लसुन प्याज जातिका वनस्पतिहरू
०७.०४		**बन्दाकोबी, फूलकोबी, ग्याँठकोबी, केल (एक किसिमको कोबी) र खान हुने कोबी जातिका अन्य वनस्पतिहरू, ताजा वा चिस्याइएका।**
	०७०४.१०.००	-फूलकोबी र ब्रोकोली
	०७०४.२०.००	-ब्रसेल्स स्प्राउट
	०७०४.९०.००	-अन्य
०७.०५		**जिरीको साग (लेटसि) (ल्याक्टुका साटिभा) र चिकोरी (सिकोरियम जातहरू), ताजा वा चिसो पारेको।**
		-लेटयूस (जिरीको साग, सलाद):
	०७०५.११.००	--क्याबेज लेटिस (हेड लेटस)
	०७०५.१९.००	--अन्य
		-चिकोरी:
	०७०५.२१.००	--विटलफ चिकोरी (फोलिओसम प्रकारको चिकोरी (सिकोरियम इन्टिबस)
	०७०५.२९.००	--अन्य
०७.०६		**गाँजर, सलगम, सलाद बनाउने चुकन्दर, सलसिफी, सेलेरियाक, मुला र यस्तै खान हुने जराहरू, ताजा वा चिसो पारेको।**
	०७०६.१०.००	-गाँजर र सलगमहरू
	०७०६.९०.००	-अन्य
०७.०७	०७०७.००.००	**काँक्राहरू र ककडीहरू, ताजा वा चिस्याइएका।**
०७.०८		**कोसे वनस्पतिहरू, कोसा छोडाएका वा नछोडाएका, ताजा वा चिस्याइएका।**
	०७०८.२०.००	-सिमीहरू (बोडी समेत) (भिग्ना जातहरू, फासेलस जातहरू)
	०७०८.९०.००	-अन्य कोसे वनस्पतिहरू
०७.०९		**अन्य वनस्पतिहरू, ताजा वा चिस्याइएका।**
	०७०९.२०.००	-कुरिलो
	०७०९.३०.००	-भान्टाहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०७०९.४०.००	-सेलरी, सेलेरियाल बाहेक
		-च्याउ (मसरुम र ट्रफल्स):
	०७०९.५१.००	--अग्यारिकस जातिका च्याउ (मसरुम)हरू
	०७०९.५२.००	--बोलेटस जातका च्याउहरू
	०७०९.५३.००	--क्यान्थारिलस जातका च्याउहरू
	०७०९.५४.००	--शिताके (लेन्टिनस इडोड्स)
	०७०९.५५.००	--मात्सुताके (ट्रिकोलोमा मात्सुताके, ट्रिकोलोमा म्याग्निभेलारे, ट्रिकोलोमा एनाटोलिकम ट्रिकोलोमा ड्युलसिओलेन्स, ट्रिकोलोमा क्यालिगेटम)
	०७०९.५६.००	--ट्रफलहरू (ट्युबर प्रजाति)
	०७०९.५९.००	--अन्य
	०७०९.६०.००	-खोर्सानी (क्याप्सिकम र पिमेन्टा) जातका फलहरू
	०७०९.७०.००	-पालुङ्गो, न्यूजिल्याण्ड पालुङ्गो र ओरेच पालुङ्गो (गार्डेन पालुङ्गो)
		-अन्य:
	०७०९.९१.००	--ग्लोब आर्टिचोकहरू
	०७०९.९२.००	--जैतुनहरू
	०७०९.९३.००	--फर्सी, कुभिन्डो र लौकाहरू (क्यूकरबिटा जातहरू)
	०७०९.९९.००	--अन्य
०७.११		अस्थायी रूपले सुरक्षित गरिएका तर त्यही स्थितिमा तुरुन्त उपभोग गर्नका लागि उपयुक्त नहुने खालका वनस्पतिहरू
	०७११.२०.००	-जैतुन (ओलिभ्स)
	०७११.४०.००	-काँक्राहरू र ककडीहरू
		-च्याउहरू (मसरुम र ट्रफल्स):
	०७११.५१.००	--अग्यारिकस जातका च्याउ (मसरुम) हरू
	०७११.५९.००	--अन्य
	०७११.९०.००	-अन्य वनस्पतिहरू; वनस्पतिहरूको मिश्रण
०७.१३		**सुक्खा कोसे वनस्पतिहरू, कोसा छोडाएका, बोक्रा छोडाएका वा नछोडाएका वा दलेका वा नदलेका।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-केराउहरू (पिसम साटिभम):
	०७१३.१०.१०	---नफुटाएको बोक्रा सहितको
	०७१३.१०.९०	---अन्य
	०७१३.२०.००	-चनाहरू (गारबान्जोस)
		-सिमीहरू (भिग्ना जातहरू, फासिओलस जातहरू):
	०७१३.३१.००	--मास (भिग्ना मुङ्गो (एल.) हेपर) वा मुङ्ग (भिग्ना रेडिआटा (एल.) जातका) सिमीहरू
	०७१३.३२.००	--सानो रातो (आड्जुकी) सिमीहरू
	०७१३.३३.००	--राजमा (किड्नी बीन्स), सेतो केराउसिमी समेत (फासिओलस भल्गारिस)
	०७१३.३४.००	--बाम्बरा बिन्स (एक प्रकारको बोडी) (भिग्ना सबटेरानिया वा भोआन्जिया सबटेरानिया)
	०७१३.३५.००	--तनेबोडी (काउपिज्) (भिग्ना अड्गुइकुलाटा)
	०७१३.३९.००	--अन्य
		-मुसुरोहरू:
	०७१३.४०.१०	--नफुटाएको, बोक्रा सहितको
	०७१३.४०.९०	--अन्य
	०७१३.५०.००	-बकुल्ला सिमी (मेजर प्रकारको बकुल्ला सिमी (भिसिया फावा)) र घोडे सिमी (इक्विना, माइनर प्रकारको घोडे सिमी (भिसिया फावा))
	०७१३.६०.००	-रहर (क्याजानस् क्याजन्)
	०७१३.९०.१०	---दलेको:
	०७१३.९०.९०	---अन्य
०७.१४		**श्वेतसार (माड) वा इन्यूलिनको मात्रा उच्च भएका, ताजा, चिस्याइएका, हिमीकृत वा सुकाइएका, पातला टुक्रा पारिएका वा नपारिएका वा गुटिकाको रूपमा भएका वा नभएका मानिओक, आरारुट, सालेप, जेरुसलेम आर्टिचोक, सखरखण्ड र यस्तै जराहरू र गानाहरू; सागोको गुदी (सागो पीथ)।**
	०७१४.१०.००	-सिमल तरूल (मनिओक) (क्यासाभा)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०७१४.२०.००	-सखरखण्ड
	०७१४.३०.००	-तरुलहरू (डिओस्कोरिया जातहरू)
	०७१४.४०.००	-पिँडालु (कोलोकासिया जातहरू)
	०७१४.५०.००	-यौसिया (जान्थोसोमा जातहरू)
	०७१४.९०.००	-अन्य (भन्सार दरबन्दीमा छुटेको)
०८.०१		नरिवल, ब्राजिल नट, काजु, ताजा वा सुकेको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको
		-नरिवलः
	०८०१.१९.००	--अन्य
०८.०३		प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरू लगायत ताजा वा सुकाइएका केराहरू
	०८०३.१०.००	-प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरु
	०८०३.९०.००	-अन्य
०८.०४		**खजुर (छोहोरा), अञ्जिर, भुईंकटहर, आभोकाडो, अम्बा, आँप, म्याङ्गोष्टिन, ताजा वा सुकेको।**
	०८०४.३०.००	-भुईंकटहर
		-अम्बा, आँप र म्याङ्गोष्टिनः
	०८०४.५०.१०	---अम्बा
	०८०४.५०.२०	---आँप
०८.०५		**सिट्रस जातका फल, ताजा वा सुकेको।**
	०८०५.१०.००	-सुन्तलाहरू
		-मन्दारिनहरू (टाञ्जरिन र सतसुमाहरू समेत); क्लेमेन्टिनहरू, विल्किङ्गहरू र यस्तै सिट्रस जातिका वर्णसङ्करहरूः
	०८०५.२१.००	--मन्दारिनहरू (टाञ्जरिन र सतसुमाहरू समेत)
	०८०५.२२.००	--क्लेमेन्टिनहरू
	०८०५.२९.००	--अन्य
	०८०५.४०.००	- भोगटे र पमेलोहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०८०५.५०.००	-कागतीहरू (सिट्रस लिमन, सिट्रस लिमोनम) र जिमिर (लाइम्स) (सिट्रस औराण्टिफोलिया, सिट्रस लाटिफोलिया) हरू
	०८०५.९०.००	-अन्य
०८.०६		**ताजा वा सुकेको अङ्गुर।**
	०८०६.१०.००	-ताजा
०८.०७		**तरबुजा (खरबुजा समेत) र मेवा, ताजा।**
		-तरबुजा (खरबुजा समेत):
	०८०७.११.००	--खरबुजा
	०८०७.१९.००	--अन्य
	०८०७.२०.००	-मेवा
०८.०८		**स्याउ, नासपाती र क्विन्स, ताजा।**
	०८०८.१०.००	स्याउ
	०८०८.३०.००	-नासपातीहरू
०८.०९		खुर्पानी (एप्रिकोट), चेरी (पैयुँफल), आरु (नेक्टारिन आरु समेत), आलुबखडा (प्लम) र चुत्रो (स्लो), ताजा
		-चेरीहरू:
	०८०९.३०.००	-आरु, नेक्टारिन आरु समेत
	०८०९.४०.००	-आलुबखडा (प्लम) र चुत्रो (स्लो)
०८.१०		अन्य फल, ताजा
	०८१०.९०.१०	---अनार
	०८१०.९०.२०	---लिची
	०८१०.९०.९०	---अन्य
०९.०२		**चिया, स्वादिष्ट बनाइएको वा नबनाइएको।**
	०९०२.२०.००	-नअमिल्याइएको अन्य हरियो चिया (ग्रीन टी)
०९.०८		**जाइफल, जाइपत्री, अलैँची र सुकुमेलहरू।**
		-अलैँची तथा सुकुमेलहरू:
		--नटुक्याइएको, नपिँधेको
	०९०८.३१.१०	---अलैँची

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०९.१०		अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरू।
		-अदुवाः
		--नटुक्काइएको वा नपिँधेकोः
	०९१०.११.१०	---ताजा
	०९१०.११.९०	---अन्य
		-बेसार (करक्युमा):
	०९१०.३०.१०	---ताजा
	०९१०.३०.२०	---धुलो वा पिठो
	०९१०.३०.९०	---अन्य
१०.०१		गहुँ र मेसलिन।
		-दुरुम गहुँः
	१००१.११.००	--बिउ
	१००१.१९.००	--अन्य
		-अन्यः
	१००१.९१.००	--बिउ
	१००१.९९.००	--अन्य
१०.०२		राई।
	१००२.१०.००	-बिउ
	१००२.९०.००	-अन्य
१०.०३		जौं (बार्ली)।
	१००३.१०.००	-बिउ
	१००३.९०.००	-अन्य
१०.०५		मकै।
	१००५.१०.००	-बिउ
	१००५.९०.००	-अन्य
१०.०६		धान
		-धानः
	१००६.१०.१०	---बिउ
	१००६.१०.९०	---अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	१००६.२०.००	-भुस हटाएको (खैरो) चामल
		-आंशिक वा पूर्ण रूपमा मिलमा कुटेको चामल, पालिस लगाएको वा चम्किलो पारेको वा नपारेको
	१००६.३०.१०	---बासमती चामल
	१००६.३०.९०	---अन्य
	१००६.४०.००	-कनिका
१०.०८		फापर, कोदो, क्यानरीका दानाहरू; अरु खाद्यान्नहरू
	१००८.१०.००	-फापर
		-कोदो:
	१००८.२१.००	--बिउ
	१००८.२९.००	--अन्य
११.०४		**शीर्षक १०.०६ को चामल बाहेक अन्य प्रकारले तयार गरिएका (जस्तै भुस हटाइएका, बेलिएका, थिचेर च्याप्टो पारेका, फलेका, पातलो टुक्रा बनाएका, खस्रो गरी पिँधेका) खाद्यान्नहरू; खाद्यान्नको सिङ्गो, बेलिएको, च्याँखला पारेको वा पिँधिएको बीजाङ्कुर।**
		-बेलेको वा थिचेर च्याप्टो पारेको अन्न:
	११०४.१२.००	--जै (ओट्स) को
	११०४.१९.००	--अन्य खाद्यान्नको
		-अन्य प्रकारले तयार पारेको अन्न (जस्तै, भुस हटाएको, फलेको, पातलो टुक्रा बनाएको वा खस्रो गरी पिँधेको):
	११०४.२२.००	--ओट्सको
	११०४.२३.००	--मकैको
	११०४.२९.००	--अन्य खाद्यान्नको
	११०४.३०.००	-खाद्यान्नको बीजाङ्कुर, सिङ्गै, बेलिएको, थिचेर च्याप्टो पारेको वा पिँधेको
१२.०१		दलेको वा नदलेको भट्मास
	१२०१.१०.००	-बिउ
	१२०१.९०.००	-अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.०२		**बदाम (मुमफली), नभुटेको वा अन्य किसिमबाट नपकाइएको, खबटा छोडाएको वा नछोडाएको, फुटाएको वा नफुटाएको।**
	१२०२.३०.००	-बिउ
		-अन्यः
	१२०२.४१.००	--खबटा नछोडाएको
	१२०२.४२.००	--खबटा छोडाएको, फुटाएको वा नफुटाएको
१२.०९		**रोप्नको लागि प्रयोग हुने बिउहरू, फल र बिजाणुहरू (स्पोर्स)।**
	१२०९.१०.००	-चुकन्दरको बिउ
		-पशु आहारको बिरुवा (फोरेज प्लान्ट) का बिउहरूः
	१२०९.२१.००	--लुसर्न (अल्फाल्फा) को बिउ
	१२०९.२२.००	--क्लोभर (ट्रिफोलियम जातहरू) को बिउ
	१२०९.२३.००	--छेस्के घाँस (फेस्क्यू) को बिउ
	१२०९.२४.००	--केन्टकी नीलो घाँस (पोआ प्राटेन्सिस एल.) को बिउ
	१२०९.२५.००	--राई घाँस (लोलियम मल्टिफ्लोरम ल्याम., लोलियम पेरेन एल.) को बिउ
	१२०९.२९.००	--अन्य
	१२०९.३०.००	-फूलको निम्ति मुख्यतः खेती गरिएको जडिबुटीका अन्य बिउहरू
		-अन्यः
		--वनस्पतिको बिउः
	१२०९.९१.१०	---काउलीको
	१२०९.९१.२०	---बन्दागोबीको
	१२०९.९१.३०	---प्याजको
	१२०९.९१.४०	---मूलाको
	१२०९.९१.५०	---टमाटरको
	१२०९.९१.९०	---अन्य
	१२०९.९९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.११		**मुख्यतः सुगन्धित वस्तु बनाउन, औषधि बनाउन वा कीटनाशक, ढुसीनाशक वा यस्तै प्रयोजनमा प्रयोग हुने खालका, ताजा, चिस्याइएका, हिमीकृत वा सुकाइएका, काटिएका वा नकाटिएका, पिँधेका वा नपिँधेका टुक्रा वा धुलो पारिएका वा नपारिएका, बिरुवा र बिरुवाका अङ्गहरू (बियाँ र फल समेत)।**
	१२११.९०.१०	---यार्चागुम्बा
१२.१२		**लोकष्ट बिन्स, समुद्रीझार (सीविड्स) र अन्य शैवाल (अल्गी) हरू, चुकन्दर र उखु, ताजा, चिस्याइएको, हिमीकृत वा सुकाइएको, पिँधेको वा नपिँधेको; अन्यत्र उल्लेख वा समावेश नभएका मुख्यतया मानिसले खान प्रयोग हुने किसिमका फलका बियाँ र कोयाहरू र अन्य वानस्पतिक उत्पादनहरू (चिकोरीयम इन्टाइबस स्याटिवम जातिका चिकोरीका नभुटेको जराहरू लगायत)।**
		-अन्यः
	१२१२.९३.००	--उखु
१९.०४		**खाद्यान्नलाई वा खाद्यान्न उत्पादनहरू (जस्तै कर्न फ्लेक्स) लाई फुलाएर वा भुटेर तयार गरेको तयारी खाद्य वस्तुहरू; दाना वा साना पातला टुक्रा, वा अन्य कार्य गरिएका दाना (मैदा, दलिया र पिठो बाहेक) को स्वरूपमा भएका पहिल्यै पकाइएका वा अन्य किसिमले तयार गरिएका खाद्यान्नहरू (मकै बाहेक) अन्यत्र उल्लेख वा समावेश नभएका।**
	१९०४.९०.१०	---धानको भुजा
	१९०४.९०.२०	--- चिउरा
२३.०१		**मानिसले खान नहुने मासुको वा अफल मासुको, माछाको वा झिँगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव वा अन्य ढाडमा हाड नहुने जलचरहरूको मैदा, पिठो र गुटिकाहरू; बोसो पगालेर बाँकी रहेको थेग्रो (ग्रीभ्स)।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	२३०१.१०.००	-मासु वा अफल मासुको पिठो, मैदा र गुटिकाहरू; बोसो पगालेर बाँकी रहेको थेग्रो (ग्रीभ्स)
	२३०१.२०.००	-माछाको वा झिँगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव वा अन्य ढाडमा हाड नहुने जलचरहरूको पिठो, मैदा र गुटिकाहरू
२३.०२		**खाद्यान्नको वा कोसेवालीको बोटहरूबाट निफनेर वा पिँधेर वा अरू कार्यद्वारा निकालिने गुटिकाको रूपमा रहेको वा नरहेको ढुटो, चोकर र अन्य अवशेष।**
	२३०२.१०.००	-मकैको
	२३०२.३०.००	-गहुँको
		-अन्य खाद्यान्नको:
	२३०२.४०.१०	---काजुको भुस तथा गुटिका
	२३०२.४०.९०	---अन्य
	२३०२.५०.००	-कोसेबालीका बोटहरूको
२३.०४	२३०४.००.००	**भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिँधेको वा नपिँधेको वा गुटिकाको रूपमा भएको वा नभएको।**
२३.०५	२३०५.००.००	**बदाम (मुमफली) को तेल निकाल्दा प्राप्त हुने, पिँधेको वा नपिँधेको, गुटिकाको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**
२३.०६		**वानस्पतिक वा सूक्ष्मजैविक (माइक्रोबियल) बोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिँधेको वा नपिँधेको, गुटिकाको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**
		-तोरी (रेप वा कोल्जा) दानाहरूको:
	२३०६.४१.००	--इरुसिक अम्ल न्यून भएका तोरी (रेप वा कोल्जा) का दानाहरूको
	२३०६.९०.००	-अन्य
२३.०९		जीवजन्तुको आहारको रूपमा प्रयोग हुने तयारी वस्तुहरु।
	२३०९.९०.००	-अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३.०१		**कच्चा वा प्रशोधित तर नकातेको फ्ल्याक्स (सन वा त्यस्तै झार); फ्ल्याक्स वा सनको शिरोगुच्छ (टो) र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत)।**
	५३०१.१०.००	-फ्ल्याक्स, (सन) कच्चा वा रेशा छुट्याउन पानीमा डुबाएको (रेटेड्)
		-फ्ल्याक्स चुटेको, डाँठबाट रेशा छुट्याइएको, कोरेको (ब्रोकेन, स्कच्ड, ह्याकल्ड) वा अरू किसिमले प्रशोधन गरेको, तर नकातेको:
	५३०१.२१.००	--चुटेको वा डाँठबाट रेशा छुट्याइएको (ब्रोकेन, स्कच्ड)
	५३०१.२९.००	--अन्य
	५३०१.३०.००	-फ्ल्याक्सको शिरोगुच्छ (टो) र अवशेष
५३.०३		**कच्चा वा प्रशोधित, तर नकातेको, सनपाट (जूट) र अन्य लचिलो रेशा भएको बोक्रा (बास्ट) को कपडा पदार्थका रेशा (फ्ल्याक्स, ट्रु हेम्प र रेमी बाहेक); यी रेशाहरूको शिरोगुच्छ (टो) र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत)।**
	५३०३.१०.००	-काँचो वा पानीमा डुबाएर (रेटेड्) कुहाएको सनपाट र अन्य लचिलो रेशा भएको बोक्रा (बाष्ट) को कपडाको रेशा

द्रष्टव्य:-

१. किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती।

२. माथि उल्लिखित भन्सार शीर्षक ०६.०१ देखि शीर्षक ०८.१० सम्मका मालवस्तुहरू होटल, रेष्टुरेण्ट, बार, गेष्ट हाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिमा मूल्य अभिवृद्धि कर छुट हुने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूह २: आधारभूत आवश्यकताका वस्तुहरू		
२५.०१		**नुन (भान्सामा प्रयोग हुने नुन र विकृत (डिनेचर्ड) नुन समेत) र जलीय घोलमा भएको वा नभएको वा डल्ला पर्न नदिने (एण्टिकेकिङ्ग) वा प्रवाहित बनाइराख्ने (फ्रि फ्लोइङ्ग) कारकहरू राखिएको शुद्ध नुन (सोडियम क्लोराइड); सामुद्रिक पानी।**
	२५०१.००.९०	---नुन
२७.१६	२७१६.००.००	**विद्युत शक्ति।**
द्रष्टव्यः- १. धारा तथा टेङ्करबाट खुला रूपमा आपूर्ति हुने पिउने पानी।		
समूह ३: जीवजन्तु तथा सोको उपज		
०१.०२		जीवित चौपाया (बोभाइन)।
		-गोजातीय चौपायाः
	०१०२.२१.००	--नश्ल सुधारका लागि विशुद्ध नश्लका
	०१०२.२९.००	--अन्य
		-भैंसीः
	०१०२.३१.००	--नश्ल सुधारका लागि विशुद्ध नश्लका
	०१०२.३९.००	--अन्य
	०१०२.९०.००	--अन्य
०१.०३		जीवित सुँगुर।
	०१०३.१०.००	-नश्ल सुधारका लागि विशुद्ध नश्लका
		-अन्यः
	०१०३.९१.००	--५० के.जी. भन्दा कम वजनका
	०१०३.९२.००	--५० के.जी. वा सोभन्दा बढी वजन भएका
०१.०४		**जीवित भेडा र बाख्राहरू।**
	०१०४.१०.००	-भेडा
	०१०४.२०.००	-बाख्रा
०१.०५		जीवित कुखुरा अर्थात, ग्यालुस डोमेष्टिकस् जातका कुखुरा, हाँस, टर्की र गिनी फाउल।
		-१८५ ग्रामभन्दा बढी वजन नभएकाः
	०१०५.११.००	--कुखुरा जातका चराहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०१०५.१२.००	--टर्कीहरू (पाताल मयूर)
	०१०५.१३.००	--हाँस (डक) हरू
	०१०५.१४.००	--हाँस (गिज) हरू
	०१०५.१५.००	--गिनी जातका चराहरू
		-अन्यः
	०१०५.९४.००	--कुखुरा जातका चराहरू
	०१०५.९९.००	--अन्य
०१.०६		अन्य जीवित जीवजन्तु।
		-स्तनपायीः
	०१०६.१४.००	--खरायोहरू
	०१०६.१९.००	--अन्य
		-चराहरुः
	०१०६.३३.००	--सुतुरमुर्ग (अष्ट्रिच) हरू; इमुहरू (ड्रोमाउस नोभाहोल्लान्डिया)
		-कीराहरूः
	०१०६.४१.००	--माहुरीहरू
	०१०६.९०.००	-अन्य
०२.०१		**चौपाया (बोभाइन जाति) को ताजा (फ्रेस) वा चिस्याइएको (चिल्ड) मासु।**
	०२०१.१०.००	-सिङ्गो शरीर (कारकस) हरू र आधा शरीर (हाफ-कारकस) हरू
	०२०१.२०.००	-हाड सहितको अन्य टुक्राहरू
	०२०१.३०.००	-हाड नभएको
०२.०३		**सुँगुरको मासु, ताजा (फ्रेस), चिस्याइएको (चिल्ड) वा हिमीकृत (फ्रोजन)।**
		-ताजा वा चिसो पारेकोः
	०२०३.११.००	--सिङ्गो शरीर (कारकस) हरू र आधा शरीर (हाफ-कारकस) हरू
	०२०३.१२.००	--साँप्राहरू, काँधहरू र तिनका काटिएका टुक्राहरू, हाड सहितका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०२०३.१९.००	--अन्य
०२.०४		**भेडा वा बाख्राको ताजा, चिसो पारेको वा हिमीकृत मासु।**
	०२०४.१०.००	-भेडाका पाठाको ताजा वा चिस्याइएको सिङ्गो शरीर (कारकस) हरू र आधा-शरीर (हाफ-कारकस) हरू
		-भेडाको ताजा वा चिसो अन्य मासुः
	०२०४.२१.००	--भेडाका पाठाको ताजा वा चिस्याइएको सिङ्गो शरीर (कारकस) हरू र आधा-शरीर (हाफ-कारकस) हरू
	०२०४.२२.००	--हाड सहितको अन्य टुक्रा
	०२०४.२३.००	--हाड नभएको
	०२०४.५०.००	-बाख्राको मासु
०२.०६		चौपाया जीवजन्तु (बोभाइन), सुँगुर, भेडा, बाख्रा, घोडा, गधा, खच्चर वा हिनिजहरूको ताजा (फ्रेस), चिस्याइएको (चिल्ड), वा हिमीकृत (फ्रोजन) खान हुने अफल मासु, (इडिबल अफल)।
	०२०६.१०.००	-चौपाया (बोभाइन) जीवजन्तुको ताजा र चिसो
	०२०६.३०.००	-सुँगुरको ताजा वा चिस्याइएको
	०२०६.८०.००	-अन्य ताजा वा चिसो पारेको
०२.०७		शीर्षक ०१.०५ का घर पालुवा चराहरू (पोल्ट्री) को ताजा (फ्रेस), चिस्याएको (चिल्ड) वा हिमीकृत (फ्रोजन) मासु र खान हुने अफल मासु।
		-कुखुरा जातका चराहरू (फाउल्स) कोः
	०२०७.११.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको
	०२०७.१३.००	--टुक्राहरू र अफल मासु, ताजा वा चिस्याइएका
		-टर्कीहरूकोः
	०२०७.२४.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.२६.००	-- टुक्राहरू र अफल मासु, ताजा वा चिस्याइएका
		-हाँस (डक) हरूकोः
	०२०७.४१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०२०७.४३.००	--बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरू, ताजा वा चिस्याइएका
	०२०७.४४.००	--अन्य, ताजा वा चिस्याइएको
		-हाँस (गीज) हरूको:
	०२०७.५१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको
	०२०७.५३.००	--बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरू, ताजा वा चिस्याइएका
	०२०७.५४.००	--अन्य, ताजा वा चिस्याइएको
	०२०७.६०.००	-गिनी जातका चराहरूको
०३.०१		जीवित माछा।
		-आलङ्कारिक माछा:
	०३०१.११.००	--ताजा पानीको
	०३०१.१९.००	--अन्य
		-अन्य जीवित माछा:
	०३०१.९१.००	--ट्राउट (साल्मो ट्रुटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोकाष्टर)
	०३०१.९२.००	--बाम (अङ्गुइल्ला जातहरू)
	०३०१.९३.००	--कार्प (साइप्रिनस जातहरु, क्यारासिअस जातहरु, सेनोफारिङ्गोडोन इडिलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस, क्याट्ला क्याट्ला, लाबेओ जातहरु, ओस्टेचिलस हासेल्टी, लेप्टोबार्बस होवेनी, मेगालोब्रामा जातहरु)
	०३०१.९४.००	--एटलान्टिक र प्यासिफिक ब्लुफिन टुनाहरु (थुनुस थाइनस, थुनुस ओरियन्टालिस)
	०३०१.९५.००	--दक्षिणी ब्लुफिन टुनास (थुनस म्याकोई)
	०३०१.९९.००	--अन्य
०३.०२		शीर्षक ०३.०४ को माछाको फिलेट र अरु प्रकारको मासु बाहेकको ताजा वा चिसो पारेको माछा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-सालमोन (साल्मोनाइडाइ), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेकः
	०३०२.११.००	--ट्राउट (साल्मो ट्रटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोयरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोगेष्टर)
	०३०२.१३.००	--प्यासिफिक सालमोन (अङ्कोरिङ्कस नेर्का, अङ्कोरिङ्कस गोर्बुशा, अङ्कोरिङ्कस केटा, अङ्कोरिङ्कस ष्विट्शा, अङ्कोरिङ्कस किसुच, अङ्कोरिङ्कस मसोउ र अङ्कोरिङ्कस रडुरस)
	०३०२.१४.००	--एटलाण्टिक साल्मोन (साल्मो सालार) र डान्यूब सालमोन (हुचो हुचो)
	०३०२.१९.००	--अन्य
		-चेप्टो माछा (प्लेरोनेक्टाइडाइ, बोथीडाइ, साइनोग्लोस्सीडाइ, सोलेडाइ, स्कोप्थाल्मीडाइ र सिथारीडाइ), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेकः
	०३०२.२१.००	--हालिबुट (रेनहार्डटिअस हिप्पोग्लोसोइडिज, हिप्पोग्लोसस हिप्पोग्लोसस, हिप्पोग्लोसस स्टेनोलेपिस)
	०३०२.२२.००	--प्लेइस (प्ल्युरोनेक्टिस प्लाटेसा)
	०३०२.२३.००	--सोले (सोलिआ जातहरू)
	०३०२.२४.००	--टर्बोट्हरु (सेट्टा मेक्सिमा)
	०३०२.२९.००	--अन्य
		-टुनाहरु (थुनुस प्रजातिका) स्किपज्याक तुना (स्ट्राइप-बेल्लाइड बोनितो) (कात्सुओनस पेलामिस), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेकः
	०३०२.३१.००	--अल्बाकोर वा लामो पखेटा भएको टुनाहरू
	०३०२.३२.००	--पहेलो पखेटा भएका टुनाहरू (थुनुस अल्बाकारिस)
	०३०२.३९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-हिल्सा (हेरिङ्ग) हरू (क्लुपिया हरेङ्गस, क्लुपिया पल्लासी), एङ्क्रोभिहरू (इन्ग्राउलिस जातहरू), सार्डिनहरू (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरू), सार्डिनेला (सार्डिनेला जातहरू), ब्रिसलिङ्ग वा स्प्राटहरू (स्प्राटस स्प्राटस), म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस), इन्डियन म्याकेरेलहरू, (रस्ट्रेलिगर जातहरू), सिरफिसहरू (स्कोमबेरोमोरस जातहरू), ज्याक तथा हर्ष म्याकेरेल (ट्राचुरस जातहरू), ज्याकहरू, क्रेभेलहरू (क्यारान्क्स जातहरू), कोबिया (रासिसेन्ट्रोन क्यानाडम), सिल्भर पम्फ्रेस्ट (पम्पस जातहरू), प्यासिफिक साउरी (कोलोलाबिस साइरा), स्काड्स (डिक्याप्टेरस जातहरू), क्यापेलिन (मालोटस् विलोसस्), सोर्डफिस (सिफियास ग्लाडिअस), कावाकावा (युथाइनस एफिनिस), बोनितोहरू (सार्डा जातहरू), मार्लिनहरू, सेइलफिसहरू, स्पेरफिस (इस्टोफोरिडाइ), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेकः
	०३०२.४१.००	-- हिल्सा (हेरिङ्) हरू (क्लुपिया हेरेन्गस, क्लुपिया पल्लासी)
	०३०२.४२.००	--एङ्क्रोभीहरु (इङग्रालिस जातहरू)
	०३०२.४३.००	--सार्डिनहरू (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरू) सार्डिनेला (सार्डिनेला जातहरू), ब्रिसलिन वा स्प्राटस (स्प्राटस स्प्राटस)
	०३०२.४४.००	--म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस)
	०३०२.४५.००	--ज्याक र हर्ष म्याकरेल (ट्राचुरुस जातहरू)
	०३०२.४६.००	--कोबिआ (राकिसेन्ट्रोन कानाडम)
	०३०२.४७.००	--सोर्डफिस (जिफियास ग्लाडिअस)
	०३०२.४९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-ब्रेग्मासिरोटाइडाइ, युक्लिच्थाइडाइ, गाडिडाइ, म्याक्रोउराइडाइ, मेलानोनाइडाइ, मर्लुस्सिडाइ, मोरिडाइ र मुराइनोलेपिडिडाइ परिवारहरूका माछा, उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेकः
	०३०२.५१.००	--कड (ग्याडुस मरहुआ, ग्याडुस ओग्याक, ग्याडुस म्याक्रोसिफालस)
	०३०२.५२.००	--ह्याड्डक (मेलानोग्रामस एग्लेफिनस)
	०३०२.५३.००	--कोलफिस (पोलाकिअस भिरेन्स)
	०३०२.५४.००	--हेक (मर्लुसिअस जातहरु, यूरोफिसिस जातहरु)
	०३०२.५५.००	--अलास्का पलक(थेरागा्रा कालकोग्रामा)
	०३०२.५६.००	--ब्लु ह्वाइटिङहरू (माइक्रोमेसिस्टस पोटासु, माइक्रोमेसिस्टस अस्ट्रालिस)
	०३०२.५९.००	--अन्य
		-तिलापियाहरू (ओरेओक्रोमिस जातहरू), क्याटफिस (प्याङ्गासिअस जातहरू, सिलुरस जातहरू, क्लारिअस जातहरू, इक्टालुरस जातहरू), कार्प (साइप्रिनस जातहरू, क्यारासियस जातहरू, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरू, सिर्हिनस जातहरू, माइलोफारिङ्गोडोन पिसिअस, क्याट्ला क्याट्ला, लाबेओ जातहरू, ओस्टेचिलस हास्सेल्टी, लेप्टोबार्बस होवेनी, मेगालोब्रामा जातहरू), बामहरू (एङ्गुइला जातहरू), नाइल पर्च (ल्याटेस निलोटिकस) र स्नेकहेड्हरू (चान्ना जातहरू), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेकः
	०३०२.७१.००	--तिलापियाहरू (ओरेओक्रोमिस जातहरू)
	०३०२.७२.००	--क्याटफिस (प्याङ्गासिअस जातहरू, सिलुरस जातहरू, क्लारिअस जातहरू, इक्टालुरस जातहरू)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०३०२.७३.००	--कार्प (साइप्रिनस जातहरू, क्यारासियम जातहरू, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरू, सिर्हिनस जातहरू, माइलोफारिङ्गोडोन पिसिअस, क्याट्ला क्याट्ला, लाबेओ जातहरू, ओस्टेओचिलस हास्सेल्टी, लेप्टोबार्बस होवेनी, मेगालेब्रामा जातहरू)
	०३०२.७४.००	--बाम (इल) हरू (एङ्गुइला जातहरू)
	०३०२.७९.००	--अन्य
		-अन्य माछा, उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान योग्य अफल माछा बाहेक:
	०३०२.८१.००	--डगफिस र अन्य सार्कहरू
	०३०२.८२.००	--रेइ र स्केटहरू (रेजिडाए)
	०३०२.८३.००	--टूथफिस (डिसोस्टिकस जातहरू)
	०३०२.८४.००	--सिबास (डिसेन्ट्रारकस जातहरू)
	०३०२.८५.००	--सिब्रिम(स्पेरिडाइ)
	०३०२.८९.००	--अन्य
०४.०१		दूध र तर, गाढा नपारिएको, चिनी वा अन्य गुलियो पदार्थ नहालिएको।
	०४०१.१०.००	-तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १ प्रतिशत भन्दा बढी नभएको
	०४०१.२०.००	-तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १ प्रतिशत भन्दा बढी तर ६ प्रतिशत बढी नभएको
	०४०१.४०.००	-तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा ६ प्रतिशत भन्दा बढी भएको तर १० प्रतिशतभन्दा बढी नभएको
	०४०१.५०.००	-तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १० प्रतिशतभन्दा बढी भएको
०४.०६		चीज र दही (कर्ड)।
	०४०६.१०.००	-ताजा (अर्ध जमेको दही वा पूरै जमेको दही) चीज ह्वे चीजसमेत र दही (कर्ड)
०४.०७		ताजा, सुरक्षित वा पकाएको, चराचुरुङ्गीको नफुटाएका फुलहरु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-चल्ला कोरल्नको लागि निषेचित फुलहरू:
	०४०७.११.००	--ग्यालुस डोमेस्टिकस प्रजातिका चराहरूको
	०४०७.१९.००	--अन्य
		- अन्य ताजा फुलहरू:
	०४०७.२१.००	--ग्यालुस डोमेस्टिकस प्रजातिका चराहरूको
	०४०७.२९.००	--अन्य
	०४०७.९०.००	-अन्य
०५.११		**अन्यत्र उल्लेख वा समावेश नभएका जीवजन्तुजन्य उत्पादनहरू; भाग १ वा ३ का मरेका जनावरहरू, मानिसले खान अनुपयुक्त।**
		-अन्य:
	०५११.९१.००	-- माछाको टुक्राटाक्री वा धुलो र सिपिको टुक्रा।
		--अन्य:
	०५११.९९.९०	---हड्डीको धुलो

द्रष्टव्य:- माथि उल्लिखित भन्सार शीर्षक ०१.०२ देखि शीर्षक ०४.०७ सम्मका मालवस्तुहरू होटल, रेष्टुरेण्ट, बार, गेष्ट हाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिमा मूल्य अभिवृद्धि कर छुट हुने छैन।		
समूह ४: कृषि सामग्रीहरु		
३१.०१	३१०१.००.००	रासायनिक उपचार गरिएको वा नगरिएको मिश्रित वा अमिश्रित जीवजन्तु वा वनस्पतिजन्य मलखादहरू; जीवजन्तुजन्य वा वनस्पतिजन्य पदार्थलाई मिश्रण गरी वा रासायनिक उपचारद्वारा उत्पादन गरिएका मलखादहरू।
३१.०२		नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू।
		-जलीय घोलमा भएको वा नभएको युरिया:
	३१०२.१०.१०	---डिजेल इगजस्ट फ्लुड
		---अन्य:
	३१०२.१०.९१	----टेक्निकल ग्रेड
	३१०२.१०.९९	----अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-अमोनियम सल्फेट; अमोनियम सल्फेट र अमोनियम नाइट्रेटको मिश्रण र दोबर लवणहरू
	३१०२.२१.००	--अमोनियम सल्फेट
	३१०२.२९.००	--अन्य
	३१०२.३०.००	-जलीय घोलमा भएको वा नभएको अमोनियम नाइट्रेट
	३१०२.४०.००	-अमोनियम नाइट्रेटका साथ क्याल्सियम कार्बोनेट वा अन्य अप्राङ्गारिक गैरउर्वरक तत्त्वहरुका मिश्रणहरू
	३१०२.५०.००	-सोडियम नाइट्रेट
	३१०२.६०.००	-क्याल्सियम नाइट्रेट र अमोनियम नाइट्रेटका मिश्रणहरू र दोबर लवणहरू
	३१०२.८०.००	-युरिया र अमोनियम नाइट्रेटको जलीय वा अमोनियम घोलमा भएका मिश्रणहरू
	३१०२.९०.००	-अन्य, माथिका उपशीर्षकहरुमा नपरेका मिश्रणहरू समेत
३१.०३		**फस्फेटयुक्त खनिज वा रासायनिक मलखादहरू।**
		-सुपरफोस्फेटहरू:
	३१०३.११.००	--तौलमा ३५% वा सोभन्दा बढी डाइफोस्फोरस पेन्टाअक्साइड (पी२ओ५) भएका
	३१०३.१९.००	--अन्य
	३१०३.९०.००	-अन्य
३१.०४		**पोटासयुक्त खनिज वा रासायनिक मलखादहरू।**
	३१०४.२०.००	-पोटासियम क्लोराइड्
	३१०४.३०.००	-पोटासियम सल्फेट
	३१०४.९०.००	-अन्य
३१.०५		**नाइट्रोजन, फस्फरस र पोटासियम मध्ये दुई वा तीन उर्वरक तत्वहरू भएका खनिज वा रासायनिक मलखादहरू; अन्य मलखादहरू; चक्की वा त्यस्तै स्वरूपमा वा कुल तौल १० के.जी. मा नबढ्ने गरी संवेष्टन (प्याकेज) हरूमा राखिएका यस भागका वस्तुहरू।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	३१०५.१०.००	**-चक्की वा त्यस्तै स्वरूपमा वा कुल तौल १० के.जी. मा नबढ्ने गरी संवेष्टन (प्याकेज) हरूमा राखिएका यस भागका वस्तुहरू।**
	३१०५.२०.००	-तीन उर्वरक तत्वहरू नाइट्रोजन, फस्फोरस र पोटासियम भएका खनिज वा रासायनिक मलखादहरू
	३१०५.३०.००	-डाइअमोनियम हाइड्रोजनअर्थो फोस्फेट (डाइअमोनियम फोस्फेट)
	३१०५.४०.००	-अमोनियम डाइहाइड्रोजनअर्थोफस्फेट (मोनोअमोनियम फस्फेट) र डाइअमोनियम हाइड्रोजनअर्थोफस्फेट (डाइअमोनियम फस्फेट) सँगका त्यसका मिश्रणहरू
		-दुई उर्वरक तत्त्वहरू नाइट्रोजन र फस्फोरस भएका अन्य खनिज वा रासायनिक मलखादहरू:
	३१०५.५१.००	--नाइट्रेटरू र फस्फेटहरू भएका
	३१०५.५९.००	--अन्य
	३१०५.६०.००	-दुई उर्वरक तत्त्वहरू फस्फोरस र पोटासियम भएका खनिज वा रासायनिक मलखादहरू
	३१०५.९०.००	-अन्य
३९.२३		**वस्तुहरू परिवहन (कन्भेयन्स) वा परिवेष्टन (प्याकिङ्ग) गर्ने प्लास्टिकका सामानहरू; प्लास्टिकका पौलो वा बुजो (स्टोपर) हरू, ढकनी (लिड) हरू, बिर्का (क्याप) हरू र अन्य बन्द गर्ने (क्लोजर) सामग्रीहरू।**
		-बाकसहरू, बट्टाहरू, टोकरी वा डालो (क्रेट्) हरू र यस्तै सामग्रीहरू:
	३९२३.१०.२०	---अण्डा राख्ने क्रेट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५.०३	९५०३.००.००	**ट्राइसाइकल, स्कुटर, पेडल कार र यस्तै पाङ्ग्रा भएका खेलौनाहरू; पुतलीको वाहन; पुतली; अन्य खेलौना; आकार घटाइएका ("स्केल") नमूना र यस्तै मनोरञ्जनात्मक नमूनाहरू, चल्ने वा नचल्ने; सबै प्रकारका चातुर्य परीक्षण गर्ने खेलौना (पजल) हरू।**	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५.०४		**भिडियो गेमका कन्सोल र यन्त्रहरू, टेबल वा पार्लर गेमहरू, पिन्टेबलहरू, बिलियार्डहरू, क्यासिनो खेलहरू र स्वचालित बलिङ उपकरणहरूका लागि विशेष टेबुलहरू समेत, सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित मनोरञ्जनका यन्त्रहरू।**	
	९५०४.२०.००	-सबै प्रकारका विलियार्ड खेलका सामानहरु र सहायक सामानहरु	१०
	९५०४.३०.००	-सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित अन्य खेल (गेम) हरू, स्वचालित बाउलिङ् एली उपकरण बाहेक	१०
	९५०४.४०.००	-खेल्ने तासहरु	१०
	९५०४.५०.००	-उपशीर्षक ९५०४.३० का बाहेकका भिडियो गेमका कन्सोल र यन्त्रहरु	१०
	९५०४.९०.००	-अन्य	१०
९५.०५		**आनन्दोत्सवका वा अन्य मनोरञ्जनका सामानहरू, चटक, नवीनतम हास्य (नोभल्टी जोक) समेत।**	
		-क्रिसमस उत्सवका सामानहरुः	
	९५०५.१०.१०	---जमोठ (फेल्ट) को	१०
	९५०५.१०.९०	---अन्य	१०
	९५०५.९०.००	-अन्य	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५.०८		**घुम्ती सर्कस र घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी); मनोरञ्जन उद्यानका सवारीहरू र जल उद्यानका मनोरञ्जनका साधनहरू; मेला क्षेत्र (फेयरग्राउण्ड) का मनोरञ्जनका साधनहरू, शूटिंग ग्यालरीहरू समेत; घुम्ती रङ्गमञ्चहरू।**	
	९५०८.१०.००	-घुम्ती सर्कस, घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी)	१०
		-मनोरञ्जन उद्यानका सवारीहरू तथा जल उद्यानका मनोरञ्जनका साधनहरू:	
	९५०८.२१.००	--रोलर कोस्टरहरू	१०
	९५०८.२२.००	--क्यारोसेलहरू, पिङहरू र राउन्डएबाउटहरू	१०
	९५०८.२३.००	--डजिम कारहरू	१०
	९५०८.२४.००	--मोसन सिम्युलेटरहरू र मूभिङ थियटरहरू	१०
	९५०८.२५.००	--जल सवारीहरू	१०
	९५०८.२६.००	--जल उद्यानका मनोरञ्जनका साधनहरू	१०
	९५०८.२९.००	--अन्य	१०
	९५०८.३०.००	-मेलास्थलका मनोरञ्जनका साधनहरू	१०
	९५०८.४०.००	-घुम्ती रङ्गमञ्च (ट्राभलिङ थियटर) हरू	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६.१६		**अत्तरका पचका (सेन्ट स्प्रे) हरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू; श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू।**	
	९६१६.१०.००	-अत्तरका पचकाहरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू	५
	९६१६.२०.००	-श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू	५
९६.१७		**तयारी भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम पात्र (भ्याकुम भेसल) हरू; भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।**	
	९६१७.००.१०	---तयारी भ्याक्युम फ्लाक्स	५
	९६१७.००.२०	---भ्याकुम भएका अन्य तयारी भाँडाहरू (भ्याकुम भेसेल्स)	५

द्रष्टव्यः-

(१) मदिराको अन्तःशुल्क गणना गर्दा प्रति एल.पि. लिटर वा प्रतिलिटरमध्ये जुन बढी हुन्छ सोही दरमा गणना गरी असुल गरिनेछ।

(२) कुनै पनि मदिराको कक्टेल गरेमा उपशीर्षक २२०६.००.४० बमोजिमको दरबन्दी लाग्नेछ।

(३) एम्बुलेन्स, शव वाहन, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५५ सीसी सम्मका स्कुटर र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएपछि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको अन्तःशुल्क सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क विभागबाट फिर्ता गरिनेछ।

(४) घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ (Ready to eat नभएको) मा अन्तःशुल्क लाग्ने छैन।

(५) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना बमोजिम प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छुटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन।

(६) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था वा सङ्घ तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसमा अन्तःशुल्क छुट हुनेछ। त्यसरी पैठारी गरेका सवारी साधनहरू पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वितरण वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम लाग्ने पूरै अन्तःशुल्क लाग्नेछ।

(७) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि ३० सीट वा सोभन्दा बढी क्षमताको दुई थान बस आयात गर्दा लाग्ने अन्तःशुल्क छुट हुनेछ। यसरी सुविधामा आयात गरिएको सवारी साधन दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम पूरै अन्तःशुल्क लाग्नेछ।

(८) औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डी, वाइन र साइडरको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छुट हुनेछ।

(९) स्वदेशमा उत्पादन हुने शीर्षक २२.०४ र २२.०५ मा पर्ने वाइन, शीर्षक २२.०६ मा पर्ने साइडर, पेरी, मिड र अङ्गुर बाहेकका अन्य फलफूलबाट उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैतिस प्रतिशत छुट हुनेछ।

(१०) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(११) शीर्षक ०४.०२, ०८.०१, ०८.०२, ०८.०३, ०८.०४, ०८.०६, ०८.०९, ०८.१२, ०८.१३, ०९.०४, ०९.०६, ०९.१०, ११.०६, १२.०७, १४.०१, १४.०४, १६.०१, १६.०२, १६.०३, १६.०४, १६.०५, २०.०१, २०.०२, २०.०३, २०.०४, २०.०६, २०.०७, २०.०८, २१.०५, २४.०१, २५.१५, २५.१६, ३९.१७, ४४.०१, ४४.०२, ४४.०३, ४४.०४, ४४.०५, ४४.०६, ४४.०७, ४४.०९, ४४.१०, ४४.११ ४४.१२, ४४.१३, ४४.१४, ४४.१८, ४४.१९, ४४.२०, ४४.२१, ४८.०३, ६८.०२, ६८.०८, ६८.०९, ६८.१०, ६८.११, ६९.०७, ७२.०९, ७२.१०, ७२.११, ७२.१६, ७२.२३, ७२.२५, ७२.२९, ७३.०७, ७३.०८, ७३.०९, ७३.१२, ७३.१३, ७३.१४, ७३.१५, ७३.१७, ७६.०४, ७६.१०, ९४.०१, ९४.०३ र ९४.०६ तथा उपशीर्षक १५१७.९०.००, १७०१.१३.१०, १७०१.१४.१०, १७०४.१०.००, १७०४.९०.००, १९०४.१०.१०, १९०४.१०.९१, १९०४.१०.९९, १९०४.२०.००, १९०४.३०.००, १९०४.९०.९०,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९०५.१०.००, १९०५.२०.००, १९०५.३१.००,
१९०५.३२.००, १९०५.४०.००, १९०५.९०.१०,
१९०५.९०.३०, १९०५.९०.५०, १९०५.९०.६०,
१९०५.९०.७०, २००५.१०.००, २००५.२०.९०,
२००५.४०.००, २००५.५१.००, २००५.५९.००,
२००५.६०.००, २००५.७०.००, २००५.८०.००,
२००५.९१.००, २००५.९९.००, २१०१.११.००,
२१०१.१२.००, २१०१.२०.००, २१०१.३०.००,
२१०६.९०.१०, ३३०७.४१.००, ३५०६.१०.००,
३५०६.९१.००, ३५०६.९९.००, ३८२४.४०.००,
३८२४.५०.००, ३९२१.९०.११, ३९२१.९०.९२,
३९२३.१०.२०, ३९२४.१०.१०, ४८१८.१०.००,
४८१८.२०.००, ४८१८.३०.००, ४८१८.५०.००,
४८१८.९०.००, ४८२३.६१.००, ४८२३.६९.००,
४८२३.७०.००, ६४०४.११.१०, ६४०५.२०.१०,
७३११.००.२०, ७३११.००.९०, ७३२०.१०.९०,
८५०७.१०.००, ८५०७.२०.००, ८५४४.७०.००, मा पर्ने वस्तुको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

(१२) शीर्षक २१.०६ को उपशीर्षक २१०६.९०.२०, २१०६.९०.६० र भन्सार शीर्षक २४.०३ को उपशीर्षक २४०३.९९.१०, २४०३.९९.२०, २४०३.९९.३० र भन्सार शीर्षक २४.०४ को उपशीर्षक २४०४.११.००, २४०४.१२.०० र २४०४.१९.०० का वस्तुमा कुल तौल प्रति किलोग्राममा अन्तःशुल्क लाग्नेछ।

(१३) शीर्षक १८.०६, ३३.०३, ३३.०४, ३३.०५, ३३.०६ र उपशीर्षक ३३०७.१०.००, ३३०७.२०.००, ३३०७.३०.००, ३३०७.४९.००, ३३०७.९०.००, ८५२३.५२, ८५३६.५०.०० अन्तर्गतका सबै उपशीर्षकका स्वदेशी उत्पादनमा पाँच प्रतिशत लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) मदिरा, वियर र चुरोटको उत्पादक, पैठारीकर्ता वा सोको बिक्रेताले त्यस्तो वस्तुको बिक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको सुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(१५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अङ्कको भन्सार उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अङ्क थप गर्न सक्नेछ।

(१६) अन्तःशुल्क लाग्न सक्ने वस्तुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ।

(१७) सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले उपशीर्षक ३९२०.४९.९० को कच्चा पदार्थ पि.ई.फिल्म स्यानिटरी प्याड र ३९२१.१९.९० को कच्चा पदार्थ पर्फोरेटेड पि.ई. फिल्म पैठारी गर्दा अन्तःशुल्क लाग्ने छैन।

(१८) शीर्षक ७२.१३, ७२.१४ र ७२.१५ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा साठी प्रतिशत छुट हुनेछ।

(१९) उपशीर्षक २२०२.९९.३० मा पर्ने बास्नायुक्त दूधका पेय पदार्थ र शीर्षक ७२.१७ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।"

३६. <u>आयकर ऐन, २०५८ मा संशोधनः</u> आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (त्र) पछि देहायको खण्ड (त्र१) थपिएको छः-

"(त्र१) "योगदानमा आधारित अवकाश भुक्तानी" भन्नाले कर्मचारी वा कामदारको पारिश्रमिकबाट मासिक रुपमा कट्टा गरिएको रकम तथा रोजगारदाताबाट अवकाश योगदान बापत थप गरी स्वीकृत अवकाश कोषमा जम्मा गरिएको रकम र सो रकममा वृद्धि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको रकम समेतको भुक्तानी सम्झनु पर्छ।"

(ख) खण्ड (कद) को उपखण्ड (४) पछि देहायको उपखण्ड (५) थपिएको छः-

"(५) नेपाल बाहिर रही नेपालमा उल्लेख्य डिजिटल उपस्थिति जनाएमा उक्त स्थान वा नेपाल बाहिर सर्भर राखी विगत बाह्र महिनाको अवधिमा कम्तीमा नब्बे दिन नेपालमा तथ्याङ्क वा सेवाको कारोबार गरेमा उक्त स्थान।"

(२) दफा १० को खण्ड (ट) झिकिएको छ।

(३) दफा ११ को उपदफा (३ठ) मा रहेका "विशेष उद्योग" भन्ने शब्दहरुको सट्टा "विशेष उद्योग, सूचना प्रविधि उद्योग" भन्ने शब्दहरु राखी सो उपदफामा देहायको स्पष्टीकरण राखिएको छः-

"**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "सूचना प्रविधि उद्योग" भन्नाले टेक्नोलोजी पार्क, सूचना प्रविधि पार्क, बायोटेक पार्क, सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, डिजिटल म्यापिङ्ग, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, डाटा माइनिङ्ग,क्लाउड कम्प्युटिङ्गसम्बन्धीउद्योग सम्झनु पर्छ।"

(४) दफा २१ को उपदफा (१) को,-

(क) खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर" भन्ने शब्द पछि "दफा ९५क. को उपदफा (७) बमोजिम असुल भई उक्त आय वर्षमा मिलान हुन नसकेको कर," भन्ने शब्दहरु थपिएका छन्।

(ख) खण्ड (ङ) को अन्त्यमा रहेको "वा" भन्ने शब्द झिकी सो खण्ड पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) बैङ्क मार्फत भुक्तानी नभएको प्रतिव्यक्ति मासिक पच्चीस हजार रुपैयाँभन्दा बढीको पारिश्रमिक, वा"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा ३३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम सम्बद्ध व्यक्तिबीच हुने हस्तान्तरण मूल्य (ट्रान्सफर प्राइसिङ्ग) को मूल्याङ्कन विधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।"

(६) दफा ५७ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्टार्ट अप भेन्चर क्यापिटल र प्राइभेट इक्वीटी फण्डमा साबिकका शेयरवाला तथा साझेदारको शेयर सङ्ख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन।"

(७) दफा ६५ को उपदफा (१) को स्पष्टीकरण झिकिएको छ।

(८) दफा ७६ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) उपदफा (१) बमोजिम जारी गरिएको कुनै पूर्वादेश रद्द नगरिएसम्म सो पूर्वादेश बमोजिम कारबाही गर्न विभाग बाध्य हुनेछ।"

(९) दफा ८१ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएको करदातालाई अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (सिबिएमएस) मा आबद्ध गर्न आदेश दिन सक्नेछ।

(६) विद्युतीय माध्यमबाट बीजक जारी गर्ने सफ्टवेयर वा उपकरणको सुरक्षण तथा विश्वसनीयता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा विभागले कार्यविधि बनाई लागू गर्नेछ। त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नु पर्नेछ।"

(१०) दफा ८१ पछि देहायको दफा ८१क. थपिएको छः-

"८१क. <u>व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने</u>ः कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैङ्क खातामा जम्मा गर्न पाइने छैन।"

(११) दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांसको खण्ड (९) मा रहेका "दश प्रतिशतका" भन्ने शब्दहरुको सट्टा "पाँच प्रतिशतका" भन्ने शब्दहरु राखिएको छ।

(१२) दफा ८८क. को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर पुरस्कार रकम पाँच लाख रुपैयाँभन्दा बढी भएमा सो बढी भएको रकममा आकस्मिक लाभ कर लाग्नेछ।"

(१३) दफा ९४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गको आयमा दफा ९५क. बमोजिम दाखिला गर्नु पर्ने अग्रिम कर रकम किस्ताबन्दी रूपमा दाखिला गर्नु पर्ने छैन।"

(१४) दफा ९५क. को,-

(क) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) व्यापारिक प्रयोजनको लागि भन्सार महसुल सम्बन्धी प्रचलित कानून बमोजिम पैठारी हुने देहायको वस्तुमा देहाय बमोजिम भन्सार बिन्दुमा अग्रिम आयकर असुल गरिनेछः-

(क) भन्सार दरबन्दीको भाग १ मा पर्ने जीवित जन्तु, भाग २ मा पर्ने मासु र खान हुने कमसल मासु (अफल), भाग ३ मा पर्ने जीवित, ताजा तथा सबै प्रकारका माछाजन्य उत्पादन, भाग ६ मा पर्ने फुलहरु तथा अन्य उत्पादन, भाग ७ मा पर्ने खान हुने वनस्पति र केही जरा र गानाहरु, भाग ८ मा पर्ने खान हुने फल तथा काष्ठफल र अन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा दश प्रतिशत।

(ख) भन्सार दरबन्दीको भाग ४ मा पर्ने दूधजन्य पदार्थ, अण्डा, मह लगायतका अन्य उत्पादन, भाग १० मा पर्ने बिउ बाहेकका सबै प्रकारका खाद्यान्न, भाग ११ को मैदा, आँटा तथा पिठो लगायतका अन्य उत्पादन, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा दुई दशमलव पाँच प्रतिशत।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत मात्र अग्रिम आयकर असुल गरिनेछ।"

(ख) उपदफा (१४) पछि देहायको उपदफा (१५) थपिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१५) यस दफा बमोजिम असुल तथा दाखिला गर्नु पर्ने व्यक्तिले असुल नगरेको, दाखिला नगरेको, घटी दाखिला गरेको वा म्यादभित्र दाखिला नगरेको कुरामा विभाग विश्वस्त भएमा दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज तथा अग्रिम कर असुल नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत दाखिला गर्न आदेश दिन सक्नेछ।

तर त्यस्तो आदेश दिनुभन्दा पहिले उचित कारण खोली सो आदेशको सम्बन्धमा सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ।"

(१५) दफा १०१ पछि देहायको दफा १०१क. थपिएको छः-

"**१०१क. <u>स्रोत नखुलेको सम्पत्तिको कर निर्धारणः</u>** (१) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ बमोजिम कुनै व्यक्तिको स्रोत नखुलेको सम्पत्तिको कर निर्धारण सम्बन्धमा विभागमा लेखिआएमा सो दफाको अधीनमा रही विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको विषयमा छानबिन गर्नेछ।

(२) विभागले उपदफा (१) बमोजिम छानबिन गर्दा कर सम्बन्धी कुनै कसूर गरेको नदेखिएमा सो वर्षको आयमा लाग्ने अधिकतम दरले हुने आयकर त्यस्तो व्यक्तिबाट असुल गरिनेछ।"

(१६) दफा ११३ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) कुनै आय वर्षमा दफा ९५क. को उपदफा (७) बमोजिम असुल गरिएको रकमलाई सोही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षमा तिर्नु पर्ने वार्षिक कर दायित्वमा मिलान गर्दा बढी हुन आएको रकम आगामी आय वर्षमा सारी लैजान वा फिर्ता पाउने छैन।"

(१७) दफा ११७ को उपदफा (१) को खण्ड (ग) को ठाउँ ठाउँमा रहेका "एक सय रुपैयाँ प्रति महिनाका दरले" भन्ने शब्दहरुको सट्टा "प्रति विवरण बाह्र सय रुपैयाँ तथा एक वर्षभन्दा कम अवधि भएमा प्रतिमहिना एक सय रुपैयाँका दरले" भन्ने शब्दहरु राखिएका छन्।

(१८) दफा ११९क. को सट्टा देहायको दफा ११९क. राखिएको छः-

"**११९क. <u>शुल्क लाग्नेः</u>** (१) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजक जारी गर्न स्वीकृति लिएको वा स्वीकृति नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेको पाइएमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।

(२) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजकको सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।

(३) दफा ८१क. को उल्लङ्घन गरेमा प्रत्येक पटकको अनुगमनमा पाँच हजार रुपैयाँ वा कुल रकमको दुई प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्नेछ।

(४) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्नेछ।"

(१९) ठाउँ ठाउँमा रहेका "निकासी" भन्ने शब्दको सट्टा "निर्यात" भन्ने शब्द राखिएको छ।

३७. <u>भन्सार ऐन, २०६४ मा संशोधनः</u> भन्सार ऐन, २०६४ को,-

(१) दफा ३४ को उपदफा (१८) को ठाउँ ठाउँमा रहेका "चार वर्ष" भन्ने शब्दहरुको सट्टा "दुई वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ४७ को उपदफा (३) मा रहेका "सात दिनको" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनको" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ४९ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) कार्गो रेलबाट ढुवानी भएको कन्टेनर बाहेक मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएको पार्सल, प्याकेट वा आधानपात्र,"

(४) दफा ६१ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. **बहाल रहने अवधिः यस ऐनको दफा** ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१ र ३२ बमोजिमका व्यवस्थाहरू सङ्घीय ऐनबाट अन्यथा व्यवस्था भएकोमा बाहेक संवत् २०८२ साल असार मसान्तसम्म बहाल रहनेछन्।

३९. **ऐन संशोधन भएको मानिनेः** यस ऐनको दफा ३३, ३४, ३५, ३६ र ३७ बमोजिम भएको संशोधनलाई सम्बन्धित ऐनमा संशोधन भएको मानिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

हरित कर

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	हरित कर
२७.०१		**कोइला; कोइलाबाट उत्पादित ब्रिकेटहरू, अण्डाकारका वस्तुहरू र यस्तै प्रकारका ठोस इन्धनहरू।**	
		-चूर्ण पारिएको वा नपारिएको तर असङ्गठित कोइलाः	
	२७०१.११.००	--आन्थ्रसाइट	प्रति के.जी. रु.०/५०
	२७०१.१२.००	--बिटुमिनयुक्त कोइला	प्रति के.जी. रु.०/५०
	२७०१.१९.००	--अन्य कोइला	प्रति के.जी. रु.०/५०
	२७०१.२०.००	-कोइलाबाट उत्पादित ब्रिकेटहरू, अण्डाकारका वस्तुहरू र यस्तै प्रकारका ठोस इन्धनहरू	प्रति के.जी. रु.०/५०
२७.०४	२७०४.००.००	**पत्थरकोइला, लिग्नाइट वा पिटको सङ्गठित वा असङ्गठित कोक र अर्ध कोक, रिटोर्ट कार्बन।**	प्रति के.जी. रु.०/५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	हरित कर
२७.१०		**-पेट्रोलियम तेलहरू र बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा बाहेक) तथा अन्यत्र उल्लेख वा समावेश नभएका, तौलको हिसाबले ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलहरू वा बिटुमिनयुक्त खनिजबाट प्राप्त तेलहरू भएका, यिनै तेलहरू नै तयारी वस्तुहरूको मुख्य घटक भएका तयारी वस्तुहरू, जैविक डिजेल भएका बाहेक र रद्दी तेलहरू बाहेक:**	
	२७१०.१२.१०	---मोटर स्पिरिट (पेट्रोल)	प्रति लि. रु.१।-
	२७१०.१२.२०	---हेक्जेन (फूड ग्रेड)	प्रति लि. रु.१।-
	२७१०.१२.९०	---अन्य	प्रति लि. रु.१।-
		--अन्य:	
	२७१०.१९.३०	---हाई स्पीड डिजेल	प्रति लि. रु.१।-
	२७१०.१९.५०	---फ्यूल आयल (फर्नेस आयल)	०.५%
	२७१०.१९.६०	---बेस आयल (मोबिल बनाउन प्रयोग हुने)	०.५%
	२७१०.१९.७०	---जुट ब्याचिङ आयल तथा टेक्सटाइल आयल	०.५%
	२७१०.१९.८०	---लुब्रिकेटिङ्ग आयल	१%
		---अन्य	
	२७१०.१९.९१	----स्पाइण्डल तेल	०.५%
	२७१०.१९.९२	----ट्रान्सफर्मर आयल	०.५%
	२७१०.१९.९३	----मिनरल टर्पेन्टाइन आयल	०.५%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	हरित कर
	२७१०.१९.९४	----रबरको प्रशोधनमा प्रयोग हुने तेल	०.५%
	२७१०.१९.९५	----लिक्विड प्याराफिन आयल	०.५%
	२७१०.१९.९६	----ह्वाइट आयल	०.५%
	२७१०.१९.९९	----अन्य	१%
	२७१०.२०.००	-पेट्रोलियम तेलहरू र बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा बाहेक) तथा अन्यत्र उल्लेख वा समावेश नभएका, तौलको हिसाबले ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलहरू वा बिटुमिन खनिजबाट प्राप्त तेलहरू भएका, यिनै तेलहरू नै तयारी वस्तुहरूको मुख्य घटक भएका तयारी वस्तुहरू, जैविक डिजेल भएका, रद्दी तेलहरू बाहेक	१%
		-रद्दी तेलहरू:	
	२७१०.९१.००	--पोलिक्लोरिनेटेड बाइफेनलहरू (पीसीबीएस), पोलिक्लोरिनेटेड टरफेनलहरू (पीसीटीएस) वा पोलिब्रोमिनेटेड, बाइफेनलहरू (पीबीबीएस)	१%
	२७१०.९९.००	--अन्य	१%
२७.१३		**पेट्रोलियम कोक, पेट्रोलियम बिटुमिन र पेट्रोलियम तेलका वा बिटुमिनयुक्त खनिज तेलका अन्य अवशेषहरू।**	
		-पेट्रोलियम कोक:	
	२७१३.११.००	--अभस्मित	०.५%
	२७१३.१२.००	--भस्मित	०.५%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

सडक निर्माण दस्तुर

(१) देहायका सवारी तथा ढुवानीका साधन (अनएसेम्बल्ड समेत) पैठारी हुँदाका बखत भन्सार विन्दुमा र स्वदेशमा उत्पादन हुने सवारी तथा ढुवानीका साधनमा दर्ताका बखत देहाय बमोजिमको सडक निर्माण दस्तुर लाग्नेछ :-

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	दस्तुर
८७.०२		**ड्राइभर समेत १० वा सोभन्दा बढी यात्रुहरू बोक्ने मोटर गाडीहरू।**	
		-कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका:	
	८७०२.१०.१०	---बसहरू (२५ भन्दा बढी सीट भएका)	९%
	८७०२.१०.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका)	९%
	८७०२.१०.३०	---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका)	९%
		---१० सीट मात्र भएका अन्य मोटर गाडीहरू:	
	८७०२.१०.४१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०२.१०.४९	----अन्य	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		--कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका:	
	८७०२.२०.१०	---बसहरू (२५ भन्दा बढी सीट भएका)	९%
	८७०२.२०.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका)	९%
	८७०२.२०.३०	---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका)	९%
		---१० सीट मात्र भएका अन्य मोटर गाडीहरू:	
	८७०२.२०.४१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०२.२०.४९	----अन्य	१०%
		-स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएको:	
	८७०२.३०.१०	---बसहरू (२५ भन्दा बढी सीट भएका)	९%
	८७०२.३०.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका)	९%
	८७०२.३०.३०	---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका)	९%
		---१० सीट मात्र भएका अन्य मोटर गाडीहरू:	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०२.३०.४१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०२.३०.४९	----अन्य	१०%
		-धक्का दिने विद्युतीय मोटर मात्र भएका:	
	८७०२.४०.१०	---बसहरू (२५ भन्दा बढी सीट भएका)	२.५%
	८७०२.४०.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका)	२.५%
	८७०२.४०.३०	---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका)	२.५%
		---१० सीट मात्र भएका अन्य मोटर गाडीहरू:	
	८७०२.४०.४१	----अनएसेम्बल्ड अवस्थाका	५%
	८७०२.४०.४९	----अन्य	५%
		-अन्य:	
	८७०२.९०.१०	---बसहरू (२५ भन्दा बढी सीट भएका)	९%
	८७०२.९०.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका)	९%
	८७०२.९०.३०	---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका)	९%
		---१० सीट मात्र भएका अन्य मोटर गाडीहरू:	
	८७०२.९०.४१	----अनएसेम्बल्ड अवस्थाका	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०२.९०.४९	----अन्य	१०%
८७.०३		**मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरू र अन्य मोटर गाडीहरू (शीर्षक ८७.०२ का बाहेक), स्टेशन वागन र रेसिङ कार समेत।**	
		-मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरू; गल्फ कार र यस्तै गाडीहरू	
	८७०३.१०.१०	---मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरू	१०%
	८७०३.१०.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन मात्र भएका:	
		--सिलिण्डर क्षमता १,००० सी.सी. ननाघ्नेः	
		---तीन पाङ्ग्रे गाडीहरू (अटोरिक्सा):	
	८७०३.२१.११	----अनएसेम्बल्ड अवस्थाका	प्रति गोटा रु. १५,०००।-
	८७०३.२१.१९	----अन्य	प्रति गोटा रु. १५,०००।-
		---अन्यः	
	८७०३.२१.९१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२१.९९	----अन्य	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		--सिलिण्डर क्षमता १,००० सी.सी. नाघ्ने तर १,५०० सी.सी. ननाघ्नेः	
	८७०३.२२.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२२.९०	---अन्य	१०%
		--सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्नेः	
		---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्नेः	
	८७०३.२३.११	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२३.१९	----अन्य	१०%
		---सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्नेः	
	८७०३.२३.२१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२३.२९	----अन्य	१०%
		---सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्ने	
	८७०३.२३.३१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२३.३९	----अन्य	१०%
		--सिलिण्डर क्षमता ३,००० सी.सी. नाघ्नेः	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०३.२४.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.२४.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका:	
		--सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघ्ने:	
	८७०३.३१.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.३१.९०	---अन्य	१०%
		--सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्ने:	
		---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्ने:	
	८७०३.३२.११	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.३२.१९	----अन्य	१०%
		---सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्ने:	
	८७०३.३२.२१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.३२.२९	----अन्य	१०%
		--सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्ने:	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०३.३३.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.३३.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेकः	
	८७०३.४०.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.४०.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेकः	
	८७०३.५०.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.५०.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमकाः	
	८७०३.६०.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.६०.९०	---अन्य	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका:	
	८७०३.७०.१०	---अनएसेम्बल्ड अवस्थाका	१०%
	८७०३.७०.९०	---अन्य	१०%
		-अन्य गाडीहरू, धक्का दिने विद्युतीय मोटर मात्र भएका:	
		---तीन पांग्रे गाडीहरू:	
	८७०३.८०.११	----अनएसेम्बल्ड अवस्थाका	प्रति गोटा रु. १०,०००।-
	८७०३.८०.१९	----अन्य	प्रति गोटा रु. १०,०००।-
		---अन्य, मोटरको पिकपावर ५० किलोवाट ननाघ्नेः	
	८७०३.८०.२१	----अनएसेम्बल्ड अवस्थाको	५%
	८७०३.८०.२९	----अन्य	५%
		---अन्य, मोटरको पिकपावर ५० किलोवाट नाघ्ने तर १०० किलोवाट ननाघ्नेः	
	८७०३.८०.५१	----अनएसेम्बल्ड अवस्थाको	५%
	८७०३.८०.५९	----अन्य	५%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		---अन्य, मोटरको पिकपावर १०० किलोवाट नाघ्ने तर २०० किलोवाट ननाघ्नेः	
	८७०३.८०.६१	----अनएसेम्बल्ड अवस्थाको	५%
	८७०३.८०.६९	----अन्य	५%
		---अन्य, मोटरको पिकपावर २०० किलोवाट नाघ्ने तर ३०० किलोवाट ननाघ्नेः	
	८७०३.८०.७१	----अनएसेम्बल्ड अवस्थाको	५%
	८७०३.८०.७९	----अन्य	५%
		---अन्य, मोटरको पिकपावर ३०० किलोवाट नाघ्नेः	
	८७०३.८०.८१	----अनएसेम्बल्ड अवस्थाका	५%
	८७०३.८०.८९	----अन्य	५%
		---अन्यः	
	८७०३.८०.९१	----अनएसेम्बल्ड अवस्थाको	५%
	८७०३.८०.९९	----अन्य	५%
		-अन्यः	
	८७०३.९०.१०	---अनएसेम्बल्ड अवस्थाको	१०%
	८७०३.९०.९०	---अन्य	१०%
८७.०४		**सामान ढुवानी गर्ने अन्य मोटर गाडीहरू।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.१०.००	-राजमार्गभन्दा बाहिरको प्रयोगका लागि अभिकल्पित डम्परहरू	९%
		-अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका:	
		--गाडीको कुल तौल ५ टन ननाघ्नेः	
	८७०४.२१.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.२१.२०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी	१०%
	८७०४.२१.३०	---डेलिभरी भ्यान	१०%
	८७०४.२१.४०	---तीनपाङ्ग्रे गाडी	प्रति गोटा रु. १५,०००।-
	८७०४.२१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.२१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.२१.९०	---अन्य	१०%
		--गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः	
	८७०४.२२.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.२२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू	९%
	८७०४.२२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	९%
	८७०४.२२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू	९%
	८७०४.२२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.२२.६०	---सिमेन्ट बल्कर	९%
	८७०४.२२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.२२.९०	---अन्य	१०%
		--गाडीको कुल तौल २० टन नाघ्नेः	
	८७०४.२३.१०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.२३.२०	---दुध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू	९%
	८७०४.२३.३०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.२३.४०	---कन्टेनर जोडिएका ट्रकहरू	९%
	८७०४.२३.५०	---सिमेन्ट बल्कर	९%
	८७०४.२३.६०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	९%
	८७०४.२३.९०	---अन्य	१०%
		-अन्य, स्पार्क-इग्निसन इन्टर्नल कम्बसन पिष्टोन इञ्जिन मात्र भएका:	
		--गाडीको कुल तौल ५ टन ननाघ्नेः	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.३१.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.३१.२०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी	१०%
	८७०४.३१.३०	---डेलिभरी भ्यान	१०%
	८७०४.३१.४०	---तीनपाङ्ग्रे गाडी	प्रति गोटा रु. १५,०००।-
	८७०४.३१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.३१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.३१.९०	---अन्य	१०%
		--गाडीको कुल तौल ५ टन नाघ्नेः	
	८७०४.३२.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.३२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	९%
	८७०४.३२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	९%
	८७०४.३२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	९%
	८७०४.३२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.३२.६०	---सिमेन्ट बल्कर	९%
	८७०४.३२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.३२.९०	---अन्य	१०%
		-अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका:	
		--गाडीको कुल तौल ५ टन ननाघ्ने:	
	८७०४.४१.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.४१.२०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी	१०%
	८७०४.४१.३०	---डेलिभरी भ्यान	१०%
	८७०४.४१.४०	---तीन पाङ्ग्रे गाडी	प्रति गोटा रु. १५,०००।-
	८७०४.४१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.४१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.४१.९०	---अन्य	१०%
		--गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः	
	८७०४.४२.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.४२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	९%
	८७०४.४२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	९%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.४२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू	९%
	८७०४.४२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.४२.६०	---सिमेन्ट बल्कर	९%
	८७०४.४२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.४२.९०	---अन्य	१०%
		--गाडीको कुल तौल २० टन नाघ्नेः	
	८७०४.४३.१०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१०%
	८७०४.४३.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	९%
	८७०४.४३.३०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.४३.४०	---कन्टेनर जोडिएका ट्रकहरू	९%
	८७०४.४३.५०	---सिमेन्ट बल्कर	९%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.४३.६०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	९%
	८७०४.४३.९०	---अन्य	१०%
		-अन्य, स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका:	
		--गाडीको कुल तौल ५ टन ननाघ्ने:	
	८७०४.५१.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.५१.२०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी	१०%
	८७०४.५१.३०	---डेलिभरी भ्यान	१०%
	८७०४.५१.४०	---तीन पाङ्ग्रे गाडी	प्रति गोटा रु. १५,०००।-
	८७०४.५१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.५१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.५१.९०	---अन्य	१०%
		--गाडीको कुल तौल ५ टन नाघ्नेः	
	८७०४.५२.१०	---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी	१०%
	८७०४.५२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू	९%
	८७०४.५२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	९%
	८७०४.५२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू	९%
	८७०४.५२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	९%
	८७०४.५२.६०	---सिमेन्ट बल्कर	९%
	८७०४.५२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ् सिष्टम) जडान गरिएका भ्यानहरू	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.५२.९०	---अन्य	१०%
		-अन्य, धक्का दिने विद्युतीय मोटर मात्र भएका:	
	८७०४.६०.१०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ् सिष्टम) जडान गरिएका भ्यानहरू	२.५%
	८७०४.६०.२०	---अन्य, तीन पाङ्ग्रे गाडी	प्रति गोटा रु. १०,०००।-
	८७०४.६०.९०	---अन्य, चार पाङ्ग्रे गाडी	२.५%
	८७०४.९०.००	-अन्य	१०%
८७.०६		**शीर्षक ८७.०१ देखि ८७.०५ सम्मका मोटर गाडीहरूका लागि इञ्जिन जडान गरिएका च्यासिस।**	
	८७०६.००.२०	---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएको) का	९%
	८७०६.००.३०	---माइक्रोबसहरू (११ देखि १४ सम्म सीट भएको) का	९%
	८७०६.००.४०	---जीप कार र भ्यानहरूका	९%
	८७०६.००.५०	---तीन पाङ्ग्रे गाडीहरू (अटोरिक्सा) का	९%
		---पिकअप गाडीहरूका:	९%
	८७०६.००.६१	----डबल क्याबका	९%
	८७०६.००.६२	----सिङ्गल क्याबका	९%
	८७०६.००.६३	----डेलिभरी भ्यानका	९%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०६.००.७०	---राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरूका	९%
	८७०६.००.८०	---बस वा ट्रकहरूका	९%
	८७०६.००.९०	---अन्य	९%
८७.११		**मोटरसाइकलहरू (मोपेड समेत) र साइड-कार भएका वा नभएका, सहायक मोटर जडान गरिएका साइकलहरू; साइड-कारहरू।**	
	८७११.१०.००	-सिलिण्डर क्षमता ५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको	प्रति गोटा रु. १५,०००।-
		-सिलिण्डर क्षमता ५० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको:	
		---अनएसेम्बल्ड अवस्थाका:	
	८७११.२०.११	----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने	प्रति गोटा रु. १५,०००।-
	८७११.२०.१२	----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने	प्रति गोटा रु. १८,०००।-
	८७११.२०.१९	----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने	प्रति गोटा रु. १८,०००।-
		---अन्य:	
	८७११.२०.९१	----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने	प्रति गोटा रु. १५,०००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७११.२०.९२	----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने	प्रति गोटा रु. १८,०००।-
	८७११.२०.९९	----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने	प्रति गोटा रु. १८,०००।-
		-सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएका:	
		---सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ४०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएका:	
	८७११.३०.११	----अनएसेम्बल्ड अवस्थाका	प्रति गोटा रु. २०,०००।-
	८७११.३०.१९	----अन्य	प्रति गोटा रु. २०,०००।-
		---सिलिण्डर क्षमता ४०० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएका:	
	८७११.३०.९१	----अनएसेम्बल्ड अवस्थाका	१०%
	८७११.३०.९९	----अन्य	१०%
	८७११.४०.००	-सिलिण्डर क्षमता ५०० सी.सी. नाघ्ने तर ८०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको	१०%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७११.५०.००	-सिलिण्डर क्षमता ८०० सी.सी. नाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको	१०%
		-धक्का दिने विद्युतीय मोटर भएको:	
	८७११.६०.९०	---अन्य	प्रति गोटा रु. १०,०००।-
	८७११.९०.००	-अन्य	१०%

(२) जुनसुकै प्रक्रियाबाट शुरु दर्ता हुन आउने सवारी तथा ढुवानीका साधनमा यस अनुसूचीमा उल्लेख भए अनुसार नै सडक निर्माण दस्तुर लाग्नेछ।

(३) माथि प्रकरण (१) र (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) कूटनीतिक नियोग तथा कूटनीतिक सुविधा प्राप्त व्यक्तिले पैठारी गर्ने मोटरगाडी; अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कूटर; दमकल; एम्बुलेन्स र शवबाहनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ख) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस तथा तिनका चेसिसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ग) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका लागि नेपाल सरकार, रक्षा मन्त्रालय वा गृह मन्त्रालयको सिफारिसमा नेपालमा दर्ता नहुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(घ) विमानस्थलभित्र यात्रु टर्मिनलदेखि वायुयानसम्म यात्रु ल्याउने र लैजाने गरी मात्र चल्ने शर्तमा नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा पैठारी हुने बसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ङ) नेपाल सरकारबाट भन्सार सुविधा (कूटनीतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट एक प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा अस्थायी पैठारी भएका सवारी तथा ढुवानीका साधन बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले उपयोग गरी स्थायी पैठारीमा रुपान्तरण गर्न चाहेमा एक पटक सडक निर्माण दस्तुर तिरिसकेको भए पुनः सडक निर्माण दस्तुर लाग्ने छैन। सडक निर्माण दस्तुर नतिरेको भए स्थायी पैठारीमा रुपान्तरण गर्दाका बखत सडक निर्माण दस्तुर लाग्नेछ।

(४) सडक निर्माण दस्तुर तिरेको सुनिश्चितता गरेर मात्र सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी तथा ढुवानी साधन दर्ता गर्नु पर्नेछ। भन्सार कार्यालयबाट जाँचपास हुँदा सडक निर्माण दस्तुर असुल गर्न छुट भएको देखिएमा छुट भएको दस्तुर असुल गरेको प्रमाण भन्सार कार्यालयबाट प्राप्त भएपछि मात्र दर्ता गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u> : यस अनुसूचीको प्रयोजनको लागि,-

(१) "मूल्य" भन्नाले आन्तरिक उत्पादन वा खरिदको हकमा सवारी तथा ढुवानी साधनको बिक्री बीजकमा उल्लिखित मूल्य अभिवृद्धि कर सहितको बीजक मूल्य, पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार बिन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ।

(२) "जुनसुकै प्रक्रियाबाट" भन्नाले लिलाम, जफत, हस्तान्तरण, खरिद वा बिक्रीबाट दर्ता हुन आउने सवारी साधन सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

चलचित्र विकास शुल्क

१. आर्थिक वर्ष २०८१/८२ मा नेपालमा चलचित्रको प्रदर्शनमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको सबै श्रेणीको प्रवेश शुल्कमा पन्ध्र प्रतिशत चलचित्र विकास शुल्क असुल गरिनेछ।

२. चलचित्र घरले क्याबिन सञ्चालन गर्न पाउनेछ। विदेशी चलचित्र प्रदर्शन गरे बापत त्यस्तो क्याबिनको सबै श्रेणीको टिकट बिक्रीबाट असुल गर्ने चलचित्र विकास शुल्कको दर प्रवेश शुल्कको बीस प्रतिशत हुनेछ।

३. चलचित्र घरले आफूले प्रदर्शन गरेको चलचित्रको दैनिक टिकट बिक्रीको विवरण अभिलेख बिक्री खातामा दैनिक रूपमा अद्यावधिक गर्नु पर्नेछ। चलचित्र घरले चलचित्र प्रदर्शन सम्बन्धी विवरण साप्ताहिक रूपमा काठमाडौं उपत्यकाको हकमा चलचित्र विकास बोर्ड र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा तथा अन्य क्षेत्रको हकमा आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

४. चलचित्र घरले विद्युतीय प्रणाली (ई-टिकेटिङ्ग सिष्टम) बाट टिकट जारी गरी केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्क गर्नु पर्नेछ।

५. प्रकरण ४ बमोजिम विद्युतीय प्रणाली जडान तथा केन्द्रीय सर्भरसँग लिङ्क नगरी टिकट जारी गरेको पाइएमा त्यसरी जारी गरिएको टिकटबाट प्राप्त रकमको पहिलो पटकको लागि शतप्रतिशत र एक पटकभन्दा बढीको लागि दुई सय प्रतिशत जरिबाना लगाई असुल गरिनेछ।

६. प्रकरण १ र २ बमोजिमको शुल्क चलचित्र घरले असुल गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिल गर्नु पर्नेछ। तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनु पर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ। चलचित्र विकास शुल्कको मासिक विवरण उल्लिखित अवधिभित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ। चलचित्र विकास बोर्डमा बुझाउनु पर्ने विवरण बक्स अफिस प्रणालीबाट समेत पठाउनु पर्नेछ।

७. चलचित्र घरले चलचित्र प्रदर्शन गरी चलचित्र प्रदर्शन नगरेको भनी वा विदेशी चलचित्र प्रदर्शन गरी नेपाली चलचित्र प्रदर्शन गरेको हो भनी वा वास्तविक टिकट बिक्रीभन्दा कम टिकट बिक्री दैनिक बिक्री खातामा जनाई झुट्ठा विवरण दिएमा देहाय बमोजिमको जरिबाना लगाई त्यसरी छलिएको चलचित्र विकास शुल्क सहित असुल गरिनेछः-

(क) पहिलो पटक भए छलिएको चलचित्र विकास शुल्कको शतप्रतिशत।

(ख) दोस्रो पटक वा सोभन्दा बढी जतिसुकै पटक भए पनि छलिएको चलचित्र विकास शुल्कको दुई सय प्रतिशत।

८. प्रकरण ६ बमोजिम तोकिएको अवधि व्यतित भएको दुई महिनाभित्र जरिबाना सहित शुल्क नबुझाउने चलचित्र घर बन्द गरी लागेको शुल्क तथा जरिबाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ। समयमा विवरण पेश नगरेमा प्रति महिना एक हजार रुपैयाँ जरिबाना लाग्नेछ।

९. विपद्, उपकरणीय मर्मत सम्भार वा अन्य कुनै कारणले सात दिन वा सोभन्दा बढी दिन चलचित्र घर बन्द भएको व्यहोरा प्रकरण १२ मा उल्लिखित कार्यालयले प्रमाणित गरेको अवस्थामा बन्द

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको दिनको चलचित्र विकास शुल्क लाग्ने छैन।

१०. विद्यार्थीवर्गको सहुलियतको लागि शनिबार बिहान ८ बजेको र सार्वजनिक बिदा परेका दिनको बिहान ८ बजेको चलचित्र प्रदर्शनमा चलचित्र विकास शुल्कमा पचास प्रतिशत छुट दिइनेछ।

११. यस अनुसूची बमोजिम गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।

१२. चलचित्र विकास शुल्क सम्बन्धी प्रशासन आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय भएको जिल्लामा सो कार्यालयले र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

१३. चलचित्र विकास शुल्कको अनुगमन चलचित्र विकास बोर्डले समेत गर्नेछ। चलचित्र विकास शुल्कको स्थलगत निरीक्षणको लागि बोर्डबाट खटिई आएका कर्मचारीलाई चलचित्र सम्बन्धी अभिलेख, बिक्री खाता तथा दर्शक सङ्ख्या सम्बन्धी अभिलेख चलचित्र घरले उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछन्।

१४. चलचित्र घरका सञ्चालकले चलचित्र प्रदर्शन गर्नुभन्दा एक दिन अगावै आफूले प्रयोग गर्ने टिकटको सिलसिलेवार नम्बर, चलचित्रको नाम र प्रदर्शन गरिने मिति चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु पर्नेछ र सोको अभिलेख चलचित्र घरले राख्नु पर्नेछ।

१५. यस अनुसूची बमोजिम असुल भएको चलचित्र विकास शुल्कको नब्बे प्रतिशत रकम चलचित्र विकास बोर्डलाई र बाँकी दश प्रतिशत रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम चलचित्र विकास शुल्कको प्रशासन गर्ने कार्यालयको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ। चलचित्र विकास बोर्डले आफूले प्राप्त गरेको चलचित्र विकास शुल्क रकमको पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैन।

१६. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा चलचित्र विकास बोर्डको सिफारिसमा आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१७. चलचित्र विकास शुल्कको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

प्रमाणीकरण मितिः२०८१।०४।०१

आज्ञाले,
फणीन्द्र गौतम
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१३७।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।